परीक्षणका लागि

# हाम्रो शंखरापुर

## स्थानीय विषयको पाठ्यपुस्तक

### कक्षा २

शंखरापुर नगरपालिका

साँखु, काठमाडौं

# हाम्रो शंखरापुर

## स्थानीय विषयको पाठ्यपुस्तक

## कक्षा २

**विद्यार्थीको नाम :** ........................................................

**रोल नम्बर :** ........................

**विद्यालयको नाम :** ...................................

प्रकाशक : शंखरापुर नगरपालिका, साँखु, काठमाडौँ

ISBN

सर्वाधिकार : प्रकाशकमा

शंखरापुर नगरपालिकाको लिखित स्वीकृतिबिना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधनमा उतार्न वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।
पाठ्यपुस्तकका सम्बन्धमा रचनात्मक सुझाव भएमा शंखरापुर नगरपालिकामा उपलब्ध गराइदिनुहुन अनुरोध छ।

आवरण, लेआउट तथा डिजाइन :

प्रथम संस्करण : वि.सं. २०७८

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षाको व्यवस्थापन स्थानीय तहले गर्ने संवैधानिक प्रावधान भएकाले संविधान प्रदत्त अधिकार कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हो । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा आधारभूत तह कक्षा १ देखि ८ सम्म मातृभाषा तथा स्थानीय विषय अध्यापन गराउने प्रावधान रहेको छ । आधारभूत तह कक्षा (१-३) को पाठ्यक्रम, २०७६ ले शैक्षिक सत्र २०७७ देखि मातृभाषा तथा स्थानीय विषय कक्षा एकबाट क्रमशः अध्यापन गराउनुपर्ने व्यवस्था गरेको छ ।

स्थानीय स्तरमा सरोकारवालाहरूको सहभागितामा स्थानीय आवश्यकता, स्थानीय विषयवस्तुहरू समावेश गरी स्थानीय स्तरमा निर्माण र कार्यान्वयन गर्ने उद्देश्यले शंखरापुर नगपालिकाले स्थानीय विषयको पाठ्यक्रम हाम्रो शंखरापुर (कक्षा १-८), २०७६ स्वीकृत गरी सोका आधारमा कक्षा २ का लागि यो पाठ्यपुस्तक परिक्षणका लागि तयार गरिएको हो । स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय विषयक्षेत्रलाई समेटी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई जोड दिन्छ । स्थानीय व्यक्तिहरूको पाठ्यपुस्तक लेखन कार्यमा क्षमता र सिपको विकास गर्ने अभिप्रायले पाठ्यपुस्तको लेखन कार्यमा यथाशक्य स्थानीय शिक्षक, विज्ञ तथा विशेषज्ञहरूलाई उपयोग गरिएको छ । आजका बालबालिका भोलिको देश निर्माणका कर्णधार हुन् । हरेक बालबालिकाले आफू जन्मे हुर्केको बासस्थानको भूगोल, प्राकृतिक सम्पदा, रीतिरिवाज, चालचलन, भाषा, कला संस्कृति, पेसा व्यवसाय र प्रविधिका बारेमा परिचित हुन आवश्यक हुन्छ । पाठ्यपुस्तकको कक्षाकोठामा गरिने प्रयोगले स्थानीय मूल्यमान्यताको संरक्षण र संवर्धनमा विशेष योगदान पुग्ने अपेक्षा गरिएको छ ।

यस पाठ्यपुस्तकाका पाठहरू रामेश्वर श्रेष्ठ, कमला पोखरेल, गायत्री ढकाल, कृष्णलाल बजगाई, सुभासचन्द्र खरेल, राजेश्वर रिजाल, डम्बर बहादुर घ्लान, राघव कुमार झा र मेनुका तिवारीले लेख्नुभएकोहो । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन बौधराज निरौला र कमला पोखरेलले गर्नुभएको हो । भाषा सम्पादन चिनाकुमारी निरौलाबाट भएको हो । यस पाठ्यपुस्तकको लेआउट, डिजाइ, सेटिङ तथा चित्राङ्कन .............ले गर्नु भएको हो । पाठ्यपुस्तक लेखनका क्रममा प्रयोग भएका सन्दर्भसामग्री र चित्रहरू विभिन्नि पुस्तक तथा वेबसाइटबाट लिएको छ भने पाठमा केहि ब्यक्तिहरूका तस्बिर समेत राखिएकोले सम्बन्धीत सबैलाई धन्यवाद दिन चाहन्छु । पाठ्यपुस्तक लेखन, सम्पादन, डिजाइन कार्यमा योगदान दिनुहुने महानुभावहरु र पाठ्यक्रम विकास तथा मूल्याङ्कन समितिका पदाधिकारीहरूले दिएको योगदानको उच्च मूल्याङ्कन गर्दै नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

पाठ्यपुस्तक विद्यार्थी सिकाइ सहजीकरणको अभिन्न अङ्ग हो । पाठ्यपुस्तकले पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिहरू अधिकतम पूरा हुने अपेक्षा गरिएको छ। पाठ्यपुस्तकलाई यथाशक्य विद्यार्थी केन्द्रित, क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । यस पाठ्यपुस्तकलाई अझ परिस्कृत र त्रुटिरहित बनाउनका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी, विज्ञ, शिक्षाप्रेमीलगायतको महत्त्वपूर्ण भूमिका हुने भएकाले सम्बद्ध सबै पक्षबाट रचनात्मक सुझावका लागि हार्दिक अनुरोध गर्दछु ।

सुवर्ण श्रेष्ठ

नगर प्रमुख
शंखरापुर नगरपालिका

विषयसूची पृष्ठ सङ्ख्या


| क्र. स. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | हाम्रो शंखरापुर | १ |
| २. | मेरो वडाको चिनारी | ७ |
| ३. | प्राकृतिक स्रोतहरु | १३ |
| ४. | बोट विरुवाहरु | १८ |
| ५. | हाम्रा सम्पदाहरु | २२ |
| ६. | इन्द्रायणी परिचय | २६ |
| ७. | इन्द्रायणी जात्रा | ३० |
| ८. | इन्द्रायणीका देवी देवता | ३५ |
| ९. | जात्रा मेला परम्परा | ४१ |
| १०. | मन्दिर घुम्न जाँदा | ४५ |
| ११. | पर्यटकीय क्षेत्रहरु | ५१ |
| १२. | हाम्रो गौरव | ५६ |
| १३. | डोल्मो र उनको छिमेकी | ६३ |
| १४. | कामको महत्व | ७० |
| १५. | व्यक्तिगत सरसफाइ | ७९ |
| १६. | खेल खेलौं | ८५ |
| १७. | मौसम र हावापानी | ९२ |
| १८. | विद्यालयको बगैचा | १०२ |

पाठ १

# हाम्रो शंखरापुर

## क्रियाकलाप १

१. दिइएका चित्र अनुमान गरी तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) तलका चित्रहरू केका हुन्  ?

(ख) तपाईँको घरमा शंख छ ?

(ग) तपाईँको नगरपालिकालाई चिनाउने शंखको चित्र कुन हो ?

(घ) तपाईँ शंखरापुर नगरपालिकामा बस्नुहुन्छ । तपाईँको नगरपालिकाको नाम शंखरापुर नगरपालिका कसरी रहन गयो होला ।





साँखु प्राचीन सहर हो । प्राचीन कालमा साँखु सहर शंख आकारको थियो । शंखको आकारको सहर भएको हुनाले यस नगरपालिकाको नाम शंखरापुर राखिएको हो ।

## क्रियाकलाप २

बाकसमा दिएका शब्दहरूले जनाउने ठाँउ तपाईंको नगरपालिका भित्र पर्छ, तपाईँले जानेका कम्तीमा एक एक ठाँउहरूको नाम लेख्नुहोस ।

१ .विद्यालय :.............................................................<br>
२. हस्पिटल :...........................................................<br>
३. मठमन्दिर, गुम्बा :.......................................................<br>
४. पाटीपौवा :...........................................................<br>
५. वनजङ्गल :............................................................<br>
६. राष्ट्रिय निकुञ्ज :.......................................................<br>
७. खोला, नदी : ........................................................

माथि बाकसमा लेख्नु भएका नामहरू हाम्रो नगरपालिकालाई चिनाउने ठाँउहरू हुन्। यी ठाँउहरूलाई नगरपालिकाका विशेषता भनिन्छ। शालीनदी र स्वस्थानी मन्दिर यहाँका प्रसिद्ध मन्दिर हुन् । इन्द्रयाणी, जहरसिंह पौवा, साँखु बजार, पटाप, लप्सीफेदी नगरपालिकाका मुख्य ठाँउहरू हुन् । बज्रयोगिनी, मणिचूड र स्वस्थानी मन्दिर नगरपालिकाका मुख्य मन्दिर हुन् ।


सुष्मा कोइराला मेमोरियल हस्पिटलमा आगोले पोलेका बिरामीको उपचार गर्न नेपालभरिबाट मानिसहरू आउछन् । शिवपुरी राष्ट्रिय निकुञ्ज यस नगरपालिकामा समेत पर्छ।साँगाचोक सामुदायिक वन, सिरानचौर सामुदायिक वन, भुमेडाँडा सामुदायिक वन यहाँका मुख्य वनजङ्गलहरू हुन् । शंखरापुर नगरपालिकामा घट्टेखोला, सिस्नेखोला, मनमता खोला, पोखरीखोला, जर्केखोला, नारायणखोला, मनमत्ता खोला पनि छन् ।

## शंखरापुर नगरपालिका र यसको सिमानामा पर्ने नगरपालिकाहरू




## क्रियाकलाप ३

माथिको नक्सा हेरी कुन दिशामा कुन नगरपालिका पर्छ खाली ठाँउ भर्नुहोस :




शंखरापुर नगरपालिका काठमाडौँ जिल्लामा पर्छ। यस नगरपालिकाको पूर्व दिशातिर काभ्रेपलाञ्चोक जिल्लाको मण्डनदेउपुर नगरपालिका छ। उत्तरतिर सिन्धुपलाञ्चोक जिल्लाको मेलम्ची नगरपालिका रहेको छ । सिन्धुपाल्चोक जिल्लाको भोटेचौर,फटकशिलाले हाम्रो नगरपालिकाको सिमानालाई छोएको छ । पश्चिमतिर कागेश्वरी मनहरा नगरपालिका रहेको छ। दक्षिणतिर चाँगुनारायण नगरपालिका रहेको छ। चाँगुनारायण नगरपालिका र शंखरापुर नगरपालिकाको नगरकोट सिमाना मनोहरा खोलाले छुट्याएको छ । चाँगुनारायण मन्दिर हाम्रो नगरपालिकाको सिमानाबाट नजिकै पर्छ।

## अभ्यास

### १. तलका खाली ठाँउमा मिल्ने शब्द भर्नुहोस् ।

(क) शंखरापुर नगरपालिकाको पूर्वतिर ..................... नगरपालिका पर्छ ।

(ख) शंखरापुर नगरपालिकाको पश्चिमतिर ..................नगरपालिका पर्छ ।

(ग) शंखरापुर नगरपालिकाको उत्तरतिर..................... नगरपालिका पर्छ ।

घ) शंखरापुर नगरपालिकाको दक्षिणतिर..................... नगरपालिका पर्छ ।

### २. तलका प्रश्नहरूको छोटो उत्तर भन्नुहोस् :

(क) शंखरापुर नगरपालिकामा पर्ने प्राचीन सहरको नाम के हो ?

(ख) शंखरापुर नगरपालिका र चाँगुनारायण नगरपालिकाको सिमाना केले छुट्याएको छ ?

(ग) साँखु सहरको आकार कस्तो छ ?

(घ) शंखरापुरनगरपालिकालाई चिन्ने सजिलो चिह्न कुन हो ?

(ङ) स्वस्थानी माताको मन्दिर कुन नगरपालिकामा पर्छ ?

### ३.तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) शंखरापुर नगरपालिकालाई चिनाउने तीनओटा विशेषता लेख्नुहोस् ।

(ख) शंखरापुर नगरपालिकालाई उत्तरतर्फ सिन्धुपाल्चोक जिल्लाको कुन कुन ठाँउले छोएको छ ?

(ग) सुष्मा मेमोरियल हस्पिटलमा कहाँ कहाँका कस्ता बिरामी उपचार गर्न आउने गर्दछन् ?

(घ) शंखरापुर नगरपालिका वरिपरिका नगरपालिकाको नाम
लेख्नुहोस ।

ङ) कागेश्वरी मनोहरा नगरपालिकाको कुनु कुन ठाँउले यस नगरपालिकालाई छोएको छ ?

४. शंखरापुर नगरपालिकालाई चिनाउने विशेषताहरूको सुची बनाउनुहोस ।

| ठाँउको नाम | मन्दिर, गुम्बाको नाम | वनजङ्गलको नाम | खोला/नदीको नाम |
|---|---|---|---|
| | | | |

**५. घरको काम :** साँखु सहर र शंखरापुर नगरपालिकाभित्र पर्ने महत्त्वपूर्ण ठाउँ, मन्दिर, सामुदायकि वन र गुम्बाका चित्र सङ्कन गरी कार्डबोर्डमा टाँसेर कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

**शिक्षण निर्देशन**

- शंखरापुर नगरपालिकाको साँध सिमानाबारे श्रव्यदृश्य सामग्री र नक्साका आधारमा नगरपालिकाको चिनारी तथा सिमाना बताउने
- नगरपालिकालाई चिनाउने विशेषताहरूको चित्रसूचीका डकुमेन्ट्रीहरू देखाउने
- विद्यालय नजिकका प्रमुख स्थान, मन्दिर, खोला वा ठाँउहरू अवलोकन गराउने
- प्राचीन लोककथा तथा भनाइहरू विद्यार्थीलाई सुनाउने ।

## पाठ २

# मेरो वडाको चिनारी

**क्रियाकलाप १ :**

तलको तालिका हेरी तपाईंको वडाका बारेमा भर्नुहोस :

| |
|---|
| नगरपालिकाको नाम : |
| वडा न. : |
| टोलको नाम : |
| विद्यालयको नाम : |
| मन्दिरको नाम : |
| बाटोको नाम : |
| वनजङ्गलको नाम : |
| खोलाको नाम : |

माथिको टेबलमा भर्नु भएका कुराहरू तपाईंको वडालाई चिनाउने आधारहरू हुन् । यिनीहरूलाई वडाका चिनारी मानिन्छ । शंखरापुर नगरपालिका ९ ओटा वडाहरू मिलेर बनेको छ । यस नगरपालिकाको सिमानामा कागेश्वरी नगरपालिका, चाँगुनारायण नगरपालिका, मन्डन देउपुर नगरपालिका, मेलम्ची नगरपालिका भए जस्तै हाम्रा वडाका पनि आफ्नै सिमानाहरू छन् ।

**वडा न. १**

शंखरापुर नगरपालिकाको १ न. वडा छाप भन्ज्याङदेखि सुरु भएको छ। ढाँडखोला र सिस्नेखोलाले यस वडाको सिमाना छुट्याएको छ । क्षेत्रफलका आधारमा सबैभन्दा ठुलो वडा यही हो । यस वडामा तामाङ, बाहुन, क्षेत्री समुदायका

मानिसहरू बढी छन् । यस वडामा चापावोट माध्यमिक विद्यालय, नवीन ग्राम मावि र बालज्योति आधारभूत, सूर्यज्योती, रातामाटे आदि विद्यालय पर्छन् ।

## वडा न. २



वडा न.२ को कार्यालय

यस वडा न. २ लाई मेलम्ची नगरपालिकाको जर्के खोलाले सिमाना छुट्याइएको छ। यस वडामा रहेको पटापलाई अन्नको भण्डार भनिन्छ। यस वडामा शारदा मावि पनि रहेको छ ।

## वडा न. ३

यो वडा, चौकी भन्ज्याङबाट सुरु भई फेदी खोलासम्म पुगेको र सिमाना कात्तिकेसम्म फैलिएको छ। यस वडामा कालिकाशरण मा वि, शिलादेवी आवि र हिलसाइड एकेडेमी रहेका छन्। यो ठाउँ बाख्रा पालनका लागि उपयुक्त ठाउँ हो ।

**वडा न. ४**

यो वडा च्यानेपाटीबाट सुरु भइ फेदीखोला, मेवाथली हुदै डाँडाकटेरी, लप्से, झुलेसम्म फैलिएको छ। फेदीखोलामा बिजुली निकालिएको छ। बैर महादेव, जागृति, भुवनेश्वर लगायतका आधारभूत विद्यालय यस वडामा पर्छन् । गोल्मादेवी मन्दिर, नारायणेश्वर मन्दिर पनि यही पर्छन् ।

**वडा न. ५**

वडा न. ५ शालीनदीबाट सुरु हुदै कात्तिकेसम्म यसको सिमाना फैलिएको छ। यस वडामा रहेको शालीनदी, विश्वम्भरा नारायण, नेपाल आमाको मन्दिर, धार्मिक दृष्टिले मत्वपुर्ण मानिन्छ। यो ठाँउ खेतीपातीका लागि महत्पुर्ण छ। यस वडामा साँखु पालुबारी सामुदायिक, महेन्द्र बाल आधारभूत लगायतका विद्यालयहरु छन् ।

**वडा न. ६**

वडा न. ६ को सिमाना शालीनदीबाट सुरु भई सलम्बुटारको मनमता खोलासम्म फैलिएको छ। शंखरापुर नगरपालिकाको कार्यालय यसै वडामा छ। यस वडामा शालीनदी पर्दछ। भाग्योदय, भगवती, एभरग्रीन लगायतका विद्यालय रहेका छन्। यहाँ सलम्बुटार वन, सलम्बुदेवी मन्दिर र सुष्मा मेमोरयिल हस्पिटल पनि छन् ।

**वडा न. ७**

वडा न. ७ को सिमाना च्यानेपाटीबाट सुरु भई साँखु बजार देखि भुल्बुसम्म फैलिएको छ। साँखु बजार प्राचीन सहर हो। यो बजारमा नेवार जातिको बसोबास छ। यस बजारभित्र एउटै शैलीका घरहरु रहेका छन्। यस वडा

शंखरापुर पोलिटेक्निक र साँखु आधारभूत विद्यालय छन् । बज्रयोगिनी मन्दिर यहाँका बासिन्दाहरुको धार्मीक आस्थाको केन्द्र हो ।

**वडा न. ८**

यो वडा कोलागालबाट शिवपुरी राष्ट्रिय निकुञ्जको सिमानासम्म फैलिएको छ । यस वडामा मणिचूड र बज्रयोगिनी मन्दिर रहेका छन्। उग्रतारा माध्यमिक विद्यालय, वनदेवी आधारभूत विद्यालय र मणिचुड आधारभूत विद्यालय पनि यही वडामा छन्। यहाँ मुख्य गरी तामाङ र क्षेत्री जातीहरू समेत बस्छन् । यो ठाँउ अग्लो भएकाले डाँडाबाट हेर्दा तल समथर देखिन्छ ।



मणिचूणम रहेको पोखरी

**वडा न. ९**

वडा न. ९ को सिमाना मनमता खोला, महादेव खोला हुँदै पुरानोबस्ती सानागाउँसम्म फैलिएको छ । यस वडामा राष्ट्रिय माध्यमिक विद्यालय छ । यस वडामा इन्द्रयाणी मन्दिर रहेको छ । यस मन्दिरमा विन्धबासिनी, सेती देवी, काली देवी र बाराही देवीको पूजा गरिन्छ। यस वडामा नगर अस्पताल समेत रहेको छ।

**क्रियाकलाप २:**

तलका प्रश्नको उत्तर लेख्नुहोस् :

| |
|---|
| (क) तपाईंको वडाको सिमानामा कुन कुन ठाउँहरू पर्दछन् ? |
| (अ) पूर्वतिरः ........................................ |
| (आ) पश्चिमतिर : ................................ |
| (इ) उत्तरतिर : .................................... |
| (ई) दक्षिणतिर :..................................... |
| (ख) तपाईंको वडालाई चिनाउने कुनै दुईओटा आधार के के हुन लेख्नुहोस् । |
| (अ) पहिलो :............................. |
| (आ) दोस्रो : ...................... |

**अभ्यास**

१. तलका प्रश्नको छोटो उत्तर दिनुहोस :

(क) शंखरापुर नगरपालिकाको कार्यलय कुन वडामा पर्छ ?

(ख) मणिचूड मन्दिर कुन वडामा पर्छ ?

(ग) अन्नको भण्डार भनेर कुन ठाँउलाई चिनिन्छ ?

(घ) भाग्योदय मावि कुन वडामा पर्छ ।

२ . ठिकलाई ठिक (√) र बेठिकलाई बेठिक (X) चिह्न लगाउनुहोस् :

(क) वडा न. ६ को सिमाना शालीनदीबाट सुरु भई सलम्बुटारको मनमता खोलासम्म फैलिएको छ ।

(ख) उग्रतारा माध्यमिक विद्यालय वडा न. ५ मा पर्छ ।

(ग) वडा न.२ लाई मेलम्ची नगरपालिकाको कुण्डेश्वर खोलाले सिमाना छट्याएको छ ।

(घ) वडा न.७ मा बाहुन, क्षेत्री समुदायका मानिसहरू बढी छन् ।

(ङ) साँखु बजार भित्र एकै किसिमका घर निर्माण गर्नुपर्छ ।

३ . तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) तपाईँको वडालाई चिनाउने विशेषताहरू लेख्नुहोस् ।

(ख) वडा न.३ को सिमाना कहाँदेखि कहाँसम्म फैलिएको छ ?

(ग) शालीनदी जान किन रमाइलो हुन्छ ?

४. तपाईँ बसोबास गर्ने वडाका बारेमा अभिभावकसँग सोधेर तलको तालिकामा भर्नुहोस् :

| वडा नं. | वनजङ्गल | मन्दिर, गुम्बा | खोला | मुख्य बस्ती |
|---|---|---|---|---|
| | | | | |

५. पाठ १ बाट शंखरापुर नगरपालिकाको नक्सा पुनः अवलोकन गर्नुहोस् । सोका आधारमा तपाईँको वडाको नक्सा कोरी रङ लगाउनुहोस् ।

**शिक्षण निर्देशन :**

- नगरपालिकाको वडा स्पष्ट छुट्याउने नक्सा, सिमाना देखाउने भिडियो सामाग्रीबाट कक्षा सहजीकरण गर्ने
- विद्यालयनजिकका वडा सिमाना तथा ठाँउहरूको स्थलगत अवलोकन गराउने
- वडाहरूका विशेषता झल्कने चित्र, चार्ट, पोस्टर निर्माण गरी कक्षामा प्रस्तुत गर्ने ।

## पाठ ३

# प्राकृतिक स्रोतहरू

वातावरणमा आफैँ उत्पत्ति भएका वस्तुहरू नै प्राकृतिक स्रोत हुन् । हाम्रो वरपर पनि धेरै प्रकारका प्राकृतिक स्रोतहरू पाइन्छन्, जस्तैः हिमाल, वन, खोलानाला, ताल, कुवा, पोखरी, कुण्ड, खानीहरू, माटो आदि ।



नदीको चित्र



वनको चित्र

हाम्रो शंखरापुर नगरपालिका क्षेत्रमा धेरै प्रकारका प्राकृतिक स्रोतहरू रहेका छन् । झुलेडाँडा सामुदायिक वन, जहरसिंह पौवा सामुदायिक वन, धुल्बु सामुदायिक वन, उग्रतारा सामुदायकि वन, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, सलम्बुदेवी सामुदायिक वन लगायत हाम्रा प्राकृतिक स्रोत हुन् ।

सम्पूर्ण बोटबिरुवाहरू माटोमा हुर्कन्छन् । हामीले खाने बिरुवाहरू पनि माटामै हुर्कने भएकाले माटो पनि महत्त्वपूर्ण प्राकृतिक स्रोत हो । वन्यजन्तुहरू पनि प्राकृतिक सम्पदाहरू हुन् ।

**क्रियाकलाप १**

आफ्नो विद्यालय वा बस्तीनजिक भएको कुनै एक खोला, नदी वा पोखरीको चित्र बनाई त्यो कुन खोला, नदी वा पोखरी हो नाम लेखेर कक्षामा टाँस्नुहोस् ।

## स्थानीय क्षेत्रमा भएका प्राकृतिक स्रोतहरूको महत्त्व

हाम्रो नगरपालिका प्राकृतिक स्रोतमा धनी रहेको छ । यहाँका खोला, पोखरीहरू पानीका स्रोत हुन् । त्यहाँबाट हामीले पानी उपयोग गरिरहेका छौँ, जस्तैः पिउन, खेतीपातीमा लगाउन । वनबाट काठ, दाउरा, घाँस लिइरहेका छौँ । त्यसैगरी हरिया बोटबिरुवाबाट हामीलाई सास फेर्न चाहिने हावा पाइरहेका छौँ । ढुङ्गा, माटो, बालुवा पनि हामीले घर बनाउन उपयोग गरिरहेका हुन्छौँ । यहाँका वनमा पाइने जडीबुटीहरू औषधीका लागि प्रयोग गर्न सकिन्छ ।


सिंचाई गरिहेको



वनबाट दाउरा ल्याइरहेको

| | |
|---|---|
|  धान रोपिरहेको |  ढुङ्गा र बालुवा सङ्कलन केन्द्र |

वनमा विभिन्न प्रकारका जीवजन्तुहरू, किराहरू र चराहरू पनि बसोबास गर्दछन् । हाम्रो नगरपालिका क्षेत्रमा भएका प्राकृतिक स्रोतहरू हाम्रा सम्पदा हुन् । यिनै प्राकृतिक स्रोतहरूका कारणले गर्दा नै हाम्रो नगरपालिका प्राकृतिक रूपमा धनी रहेको छ ।

**क्रियाकलाप २**

**दिइएको चित्रमा रङ भर्नुहोस् :**



## अभ्यास

**१. तलका वाक्यहरू पढी ठिक बेठिक छुट्याउनुहोस्, ठिक बेठिकमा (✓) चिह्न लगाउनुहोस्।**

(क) प्रकृतिमा आफैँ उत्पत्ति भएका वस्तुहरू प्राकृतिक स्रोत हुन् । (ठिक/बेठिक)

(ख) शालीनदी प्राकृतिक स्रोत होइन । (ठिक/बेठिक)

(ग) प्राकृतिक सम्पदाहरू हाम्रा सम्पत्ति हुन् । (ठिक/बेठिक)

(घ) वन महत्त्वपूर्ण प्राकृति स्रोत होइन । (ठिक/बेठिक)

(ङ) माटो प्राकृतिक स्रोत होइन । (ठिक/बेठिक)

**२. दिइएका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) प्रकृतिमा आफैँ उत्पत्ति भएका वस्तुहरू.............सम्पदाहरू हुन् । (प्राकृतिक/मानव)

(ख) ..........................प्राकृतिक स्रोत हो । वनजङ्गल/इँटा खानी)

(ग) खोलाको पानी.....................स्रोत हो । (प्राकृतिक/मानव)

(घ).................. बोटबिरुवा उम्रन्छन् । (हावामा/माटामा)

**३. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**

(क) प्राकृतिक स्रोत भनेको के हो ?

(ख) आफ्नो विद्यालय नजिक भएका तीन ओटा प्रमुख प्राकृतिक स्रोतहरूको नाम भन्नुहोस् ।

(ग) माटो किन प्राकृतिक स्रोत हो ? कुनै दुइओटा कारणहरू लेख्नुहोस् ।

(घ) तपाइँको बस्ती वा विद्यालय नजिकमा भएका वनबाट के के फाइदा भएको छ ? अभिभावकलाई सोधेर दुईओटा फाइदा लेख्नुहोस् ।

**शिक्षण निर्देशन :**

- प्राकृतिक सम्पदाको परिभाषा बताई आफ्नो विद्यालय वरिपरिको क्षेत्रमा भएका प्रमुख प्राकृतिक सम्पदाहरू देखाउनुहोस् ।
- विद्यालय वरिपरि र नगरपालिका क्षेत्रमा भएका प्रमुख प्राकृतिक स्रोतहरूको सूची तयार पारी परिचयसहित महत्त्व बताइदिनुहोस् ।

## पाठ ४

# बोट बिरुवाहरू


दावा वनदेवी आधारभूत विद्यालयमा कक्षा २ मा पढ्छन् । उनको बस्ती नजिक वन छ । उनको घर वरिपरि धेरै प्रकारका बिरुवाहरू पाइन्छन् । दावाको बस्ती नजिकको सामुदायिक वन र गाउँघरमा सल्लो, उत्तिस, आरु, बाँस, निगालो, सुन्तला आदि धेरै प्रकारका रुखहरू पाइन्छन् । यहाँ विभिन्न प्रकारका औषधी हुने बिरुवाहरू पनि पाइन्छन् । तितेपाती, चिराइतो, पाखनवेद, चुत्रो, वनमारा आदि हाम्रो वनमा पाइने बिरुवाहरू हुन् । यिनीहरू औषधीका रूपमा पनि प्रयोग हुन्छन् भनेर अस्ति दावालाई बाले भन्नुभएको थियो ।

| | |
|---|---|
|  |  |
| गुराँस | सल्लो |
|  |  |
| तितेपाती | चुत्रो |

**क्रियाकलाप १**

तपाईंको विद्यालय वा बस्ती नजिक भएका कुनै दुईओटा बिरुवाहरूको चित्र बनाई तिनीहरूबाट हामीलाई हुने एक एकओटा फाइदाहरू लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।

उनका गाउँघरमा पाइने फलफूल, सागसब्जी, अन्नहरू पनि वनस्पति नै त हुन्, जस्तैः सुन्तला, केरा, भोगटे, कागती, धान, मकै, कोदो गहुँ, जौ आदि । यिनै बोटबिरुवाले गर्दा हामीले खान पाएका छौँ ।

| | |
|---|---|
|  कोदो |  केरा |
|  साग |  मकै |

बिरुवाबाट हामीले सास फेर्नका लागि हावा पाउँछौँ । हामीलाई चाहिने काठ, दाउरा, घाँस पाउछौँ । हामी र अन्य जीवजनावरको खाना पनि बिरुवाबाट नै प्राप्त हुन्छ । बाढी र पहिरो रोक्न पनि बोटबिरुवाले मदत गर्छन् । कतिपय जीवजनावरको त बासस्थान नै बोटबिरुवा हो । त्यही भएर हामी सबैले बोटबिरुवा जोगाउनु पर्छ ।

**क्रियाकलाप २**

विद्यालय नजिक भएको फल फल्ने कुनै एउटा बिरुवाको अवलोकन गर्नुहोस् । उक्त बिरुवाको नाम शिक्षकको सहयोगमा थाहा पाउनुहोस् । अब उक्त बिरुवाको चित्र बनाई त्यसका भागहरूको नाम र फल लाग्ने महिनासमेत लेखेर कक्षामा प्रस्तुत गर्नुहोस् ।

**अभ्यास**

**१. तलका वाक्यहरू पढी ठिक बेठिक छुट्याउनुहोस् र ठिक/बेठिक शब्दमा (✓) चिह्न लगाउनुहोस् :**

(क) दावाको बस्ती नजिकमा वन रहेको छ । (ठिक/बेठिक)

(ख) चिराइतो औषधीका लागि खासै प्रयोग हुँदैन । (ठिक/बेठिक)

(ग) बोटबिरुवाबाट हामीले खानेकुरा पाउछौँ । (ठिक/बेठिक)

(घ) बोटबिरुवाले बाढी र पहिरो रोक्न मदत गर्दैनन् । (ठिक/बेठिक)

(ङ) हामीले बोटबिरुवा जोगाउनु पर्दछ । (ठिक/बेठिक)

**२. दिइएका खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) ......................को फूल रातो हुन्छ । (लालीगुँरास/धुपी)

(ख) हरिया बोटबिरुवाबाट हामीले................ पाउँछौँ । (माटो/अक्सिजन)

(ग) हामीले वनजङ्गल.................। (मास्नुपर्छ/जोगाउनुपर्छ)

**३. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) तपाईँको बस्ती वा विद्यालय नजिक भएको वनको नाम लेख्नुहोस् ।

(ख) आफ्नो क्षेत्रमा पाइने कुनै पाँचओटा वनस्पतिको नाम लेख्नुहोस् ।

(ग) आफ्नो वरपर पाइने दुईओटा औषधी हुने वनस्पतिको नाम लेख्नुहोस् ।

(घ) बोटविरुवाबाट हुने कुनै दुईओटा फाइदाहरू लेख्नुहोस् ।

**शिक्षण निर्देशन :**

- विद्यालय वरिपरि देखिने बोटबिरुवाहरू चिनाउनुहोस् ।
- स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको सूची तयार पारी छलफल गराउनुहोस् ।
- कुन कुन बिरुवाहरू फलफूल हनु, कुन कुन घाँस र काठका रूपमा प्रयोग गरिन्छ, बताइदिनुहोस् ।
- कुन कुन औषधीका रूपमा प्रयोग गर्न सकिन्छ स्पष्ट पारिदिनुहोस् ।

## पाठ ५

### हाम्रा सम्पदाहरू

शंखरापुर नगरपालिका प्राकृतिक र सांस्कृतिक सम्पदामा धनी छ । यो नगरपालिकाभित्र धेरैओटा मठमन्दिर र गुम्बा रहेका छन् । यहाँ खोला, नदी, वन, पहाड पनि छन् । यहाँका कुवा, खोलानाला, वन, पहाड आदि हाम्रा प्राकृतिक सम्पदा हुन् । यिनै प्राकृतिक सम्पदाहरूको नजिकमा हाम्रा धार्मिक, सांस्कृतिक सम्पदाहरू रहेका छन् । त्यसकारण प्राकृतिक सम्पदा र सांस्कृतिक सम्पदाबिचमा सम्बन्ध रहेको हुन्छ । माधवनारायणको मन्दिर शालीनदीको किनारमा रहेको छ । यहाँ आउने मानिसहरू शालीनदीमा नुहाई मन्दिरमा पूजा गर्ने गर्दछन् ।





शालीनदी र माधवनारायणको मन्दिर

**क्रियाकलाप १**

तपाईंको विद्यालय वा बस्ती नजिक भएको कुनै एक सांस्कृतिक वा धार्मिक ठाउँको अवलोकन भ्रमण गरी उक्त ठाउँको चित्र बनाउनुहोस् र त्यसको वरिपरि वा नजिक नदी वा वन के छ, त्यो पनि लेख्नुहोस् ।

हाम्रो नगरपालिका क्षेत्रमा भएका प्राकृतिक स्रोत, मन्दिर, गुम्बा र माने बिच पनि सम्बन्ध रहेको पाइन्छ । त्यसकारण हाम्रा चाडपर्व, धार्मिक कार्यहरू पनि प्रकृतिसँग नजिक रहेका छन् ।

| | |
|---|---|
|  |  |
| गुम्बामा पूजा आरधना गरिरहेको | ढुङ्गेधारा सफा गरिरहेको |

वडा नम्बर तीनमा रहेको साम्तेन छ्योलिङ गुम्बा डाडाँमा रहेको छ । यसको वरिपरि वन र हरियाली छ । त्यसैगरी वडा नम्बर ६ मा भएको सलम्बुदेवीको मन्दिर पनि वन क्षेत्रमै छ । यस वनलाई सलम्बुदेवीको वन नामले चिनिन्छ । यसका साथसाथै हाम्रो नगरपालिका क्षेत्रका धेरैजसो धार्मिक, सांस्कृतिक सम्पदाहरू प्राकृतिक सम्पदाहरू हुन् ।


हाम्रो स्थानीय संस्कृति पनि वनसँग जोडिएका छ । यहाँ धेरै प्रकारका चापर्वहरू मान्ने गरिन्छ। हामी वर पिपल, तुलसीको पूजा गर्छौं । प्रत्येक वर्ष हामी पानीका मुहानहरू सफा गर्ने चाड मनाउँछौं । यस चाडलाई सिथि नखः भनिन्छ ।



तुलसीको बिरुवामा पानी हाल्दै

लामा गुरुहरू वन वा गुफामा बसेर तपस्या गर्ने गर्दछन् । हामीहरूले हाम्रो प्रकृति र संस्कृति सम्पदा दुवैलाई जोगाइराख्नु पर्दछ ।

**क्रियाकलाप २:** दिइएको चित्रमा रङ भर्नुहोस् र चित्रमा के देख्नुहुन्छ, लेख्नुहोस्।



## अभ्यास

१. तलका वाक्यहरू पढी ठिक बेठिक छुट्याउनुहोस् र ठिक भए (✓) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् ।

(क) शंखरापुर नगरपालिका प्राकृतिक र सांस्कृतिक सम्पदामा धनी छ ।

ख) माधवनारायणको मन्दिर विष्णुमती नदीको किनारमा रहेको छ ।

(ग) प्राकृतिक सम्पदा र धार्मिक सम्पदाको सम्बन्ध रहेको हुन्छ ।

(घ) सिथि नखः पर्व पानीको स्रोत सफा गर्ने पर्व होइन ।

(ङ) लामा गुरुहरू वन वा गुफामा बसेर तपस्या गर्ने गर्दछन् ।

**२. जोडा मिलाउनुहोस् ।**

| **समूह क** | **समूह ख** |
|---|---|
| शालीनदी | पानीका मुहान सफा गर्ने पर्व |
| साम्तेन छ्योलिङ गुम्बा | दसैं |
| सिथि नखः | विष्णु भगवानको रूप |
| तुलसीको बोट पूजा | माधवनारायण मन्दिर |
| जमरा लगाउने पर्व | लामाहरूले ध्यान गर्ने ठाउँ |

**३. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) तपाईंको विद्यालय वा घरनजिक भएका कुनै दुईओटा धार्मिक स्थलहरूको नाम र ठाउँ लेख्नुहोस् ।

(ख) मानिसहरूले शालीनदीमा नुहाएर कहाँ पूजा गर्न जान्छन् ?

(ग) सलम्बुदेवी मन्दिरका बारेमा बताउनुहोस् ।

(घ) सिथि नखः पर्वमा गरिने कुनै दुईओटा मुख्य क्रियाकलापहरूबारे अभिभावकलाई सोधेर लेख्नुहोस् ।

**शिक्षण निर्देशन :**

- आफ्नो विद्यालय वरिपरिका क्षेत्रमा भएका प्रमुख प्राकृतिक र सांस्कृतिक सम्पदाहरू देखाउनुहोस् ।
- विद्यालय वरिपरि र नगरपालिका क्षेत्रमा भएका प्रमुख सांस्कृतिक ठाउँहरूको सूची तयार पारी तिनीहरूको स्थानीय प्राकृतिक स्रोतसँग कस्तो सम्बन्ध रहेको छ, सोबारेमा बताइदिनुहोस् ।
- स्थानीय चाडपर्व र प्रकृतिको सम्बन्धका बारेमा स्थानीय क्षेत्रमा मनाइने कुनै एक चाडपर्वका बारेमा छलफल गर्नुहोस् ।

पाठ ६

# इन्द्रायणी परिचय

**क्रियाकलाप १**

तलका चित्रहरूमा के के देख्नुहुन्छ, साथीहरूसँग छलफल गरी भन्नुहोस् ।




**शंखरापुर ९ को वडा कार्यालय**




**मनमत्ता पुल**

'इन्द्रायणी' काठमाडौँको उत्तरपूर्वमा रहेको एउटा सुन्दर गाउँ हो । यो शंखरापुर नगरपालिकाको वडा नम्बर ९ मा पर्दछ । यस इन्द्रायणी गाउँको पूर्वमा मनमत्ता खोला, पश्चिममा महादेव खोला पर्छ । उत्तरतिर कागेश्वरी मनोहरा नगरपालिकाको गागलफेदी पर्छ । दक्षिणतर्फ मनोहरा खोला पर्दछ । इन्द्रायणीभित्र ससाना गाउँहरू छन् । इन्द्रायणी देवीको नामबाट नै यस ठाउँको नाम इन्द्रायणी रहन गएको हो ।

यहाँको सानागाउँमा इन्द्रायणी देवीको मन्दिर छ । मन्दिर एउटा चउरमा छ । यो दुई तले मन्दिर हो । यो मन्दिर रहेको ठाउँलाई सानागाउँ भनिए तापनि यो क्षेत्र इन्द्रायणी नामबाट परिचित छ । हाल जुन ठाउँलाई इन्द्रायणी भनेर चिनिन्छ । त्यो ठाउँ सानागाउँभन्दा अलि फरक छ । तर पनि यही इन्द्रायणी देवीको नामबाट नै यसलाई इन्द्रायणी मानिएको हो । हरेक वर्ष आमाको मुख हेर्ने दिन इन्द्रायणी माताको जात्रा पनि गरिन्छ ।

**क्रियाकला २**

दिइएका चित्र हेर्नुहोस् र चित्रमा के देख्नुभयो, भन्नुहोस् ।

| | |
|---|---|
|   |  |
| **इन्द्रायणी स्वास्थ्य केन्द्र** | **दुध डेरी** |
|  |  |
| **राष्ट्रिय माध्यमिक विद्यालय** | **सानागाउँ प्रवेशद्वार** |

इन्द्रायणीका साथै यहाँ ब्रह्मायणी, गणेश, नाथेश्वरी, भीमसेन, अजिमा र राम मन्दिर पनि छन् । जात्रा गर्ने देवी देवता सानागाउँमै छन् ।
यसका साथै यहाँ कालिकादेवी, सेतीदेवी र गोरखकाली पनि छन् । साथै खुलालटारमा विन्ध्यवासिनी मन्दिर पनि छ ।

इन्द्रायणी गाउँको शिक्षा विकासमा श्री राष्ट्रिय माध्यमिक विद्यालय र चिरायु माध्यमिक विद्यालय दुईओटा विद्यालय सञ्चालित छन् । यहाँ एउटा स्वास्थ्य केन्द्र पनि छ । यहाँका मानिसहरूको मुख्य पेसा कृषि हो। कुखुरापालन, पशुपालन र तरकारी खेती गर्नेहरू पनि छन् । यहाँ बाहुन, क्षेत्री, नेवारका साथै केही अन्य जातिहरूको पनि बसोबास छ । हाल अन्यत्रबाट पनि बसाइँसराइ गरेर यहाँ बसोबास गर्ने मानिसहरू बढ्दै गएका छन् ।

**जानी राखौं :**

| | |
|---|---|
| सुन्दर = राम्रो, आकर्षक | तत्कालीन = त्यसबेलाको |
| अन्तर्गत = सामेल | सञ्चालन = चालु |
| सिमाना = साँध, सीमा | बसाइँसराइ = बसाइँ सर्ने काम |

**अभ्यास**

**१. दिइएका खाली ठाउँमा उपयुक्त शब्द छानेर भर्नुहोस् :**

(क) इन्द्रायणी काठमाडौँको … … … मा पर्दछ । (पूर्वउत्तर, उत्तरपूर्व)

(ख) इन्द्रायणीको दक्षिणतर्फ … … खोला पर्दछ । (मनमती, मनोहरा, महादेव)

(ग) हरेक वर्ष ... ... ...दिन इन्द्रायणीको जात्रा हुन्छ । (आमाको मुख हेर्ने, बुबाको मुख हेर्ने, भाइटीका)

(घ) इन्द्रायणी मन्दिर ... ... मा रहेको छ । (पासिखेल, खुलालटार, सानागाउँ)

२. दिइएका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

(क) इन्द्रायणी शंखरापुर नगरपालिकाको वडा न. ७ मा पर्दछ । [ ]

(ख) इन्द्रायणीको मन्दिर एक तले छ । [ ]

(ग) इन्द्रायणीमा एउटा माध्यमिक विद्यालय छ । [ ]

(घ) इन्द्रायणीमा दुधडेरी पनि सञ्चालन भइरहेको छ । [ ]

**३. दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) इन्द्रायणीको चार दिशाको सिमानामा के के पर्दछन् ?

(ख) इन्द्रायणीमा रहेका देवी देवताका नाम के के हुन् ?

(ग) इन्द्रायणीमा कतिओटा विद्यालय छन् र नाम के के हुन् ?

(घ) इन्द्रायणीका मानिसहरूले के के पेसा गर्छन् ?

४. इन्द्रायणी कस्तो ठाउँ हो, छोटकरीमा लेख्नुहोस् ।

५. तपाईंको आफ्नो गाउँको चिनारी दिनुहोस् ।

**शिक्षण निर्देशनः**

- इन्द्रायणी क्षेत्रसँग सम्बन्धित फोटो, भिडियो कक्षाकोठामा पावरप्वाइन्टमा प्रदर्शन गरी शिक्षण गराउनुहोस् ।
- इन्द्रायणीका महत्त्वपूर्ण स्थानहरूको स्थलगत अवलोकन भ्रमण गराउनुहोस् ।
- इन्द्रायणीमा रहेका विभिन्न विषयमा विद्यार्थीहरूलाई एकआपसमा छलफल गर्न लगाउनुहोस् ।

**पाठ ७**

# इन्द्रायणीको जात्रा

| **क्रियाकलाप १** | |
|---|---|
| तलका चित्रहरूमा के के देख्नुहुन्छ, वर्णन गर्नुहोस् । | |
|  |  |
| **इन्द्रायणीमाईको नयाँ मन्दिर** | **इन्द्रायणीमाईको पुरानो मन्दिर** |
|  |  |
| **इन्द्रायणीमाईको रथजात्रा** | इन्द्रायणी जात्रा गर्ने मूर्ति |

इन्द्रायणीको सानागाउँमा इन्द्रायणी देवीको मन्दिर छ। सानागाउँका मानिसहरू इन्द्रायणीमाईलाई प्रमुख देवीका रूपमा मान्छन् । मन्दिरभित्र विभिन्न देवी देवताका रूपमा ढुङ्गाहरू रहेका छन् । यहाँ हरेक वर्ष इन्द्रायणीमाईको जात्रा

गरिन्छ । यस जात्रामा इन्द्रायणीका साथै ब्रम्हायणी र गणेशको पनि जात्रा गरिन्छ । मन्दिरमा रहेका देवी देवताका प्रतीक ढुङ्गा हुन् भने जात्रा गर्नका लागि धातुको मूर्ति बनाइएको छ । जात्रा गर्ने मूर्ति राख्ने द्यःछैं (देउता घर) छुट्टै छ । पहिले पहिले यो जात्रा राती गरिन्थ्यो । तर हाल आएर केही वर्षदेखि दिउसो जात्रा गरिँदै आएको छ । यो इन्द्रायणीको जात्रा वैशाख कृष्ण चतुर्दशीका दिनदेखि सुरु हुन्छ । मातातीर्थ औँसी (आमाको मुख हेर्ने) का दिन मूल जात्रा हुन्छ । यो जात्रा पाँच दिनसम्म मनाइन्छ ।

**इन्द्रायणीमाई**

| **क्रियाकलाप २** | |
|---|---|
| दिइएका चित्रहरूमा के देख्नुभयो, साथीहरूसँग छलफल गरी भन्नुहोस् : | |
|  |  |
| इन्द्रायणी जात्रा गर्ने मूर्ति | इन्द्रायणी मन्दिरभित्रका देवी देवता |

जात्रा चलाउन देवी देवता राख्ने खट पनि बनाइएको छ । खट पासिखेलमा थापा परिवारका घरमा राखिन्छ । जात्राका बेलामा सानागाउँ ल्याइन्छ । सानागाउँ र पासिखेलमा समेत खट जात्रा गर्ने परम्परा रहँदै आएको छ । यो

जात्रा खासगरी नेवार जातिले मान्ने भए तापनि यहाँका थापा तथा अन्य क्षेत्रीहरूले पनि मादन्छन् । जात्रामा परम्परागत बाजा गाजाका साथै भजन कीर्तन पनि हुन्छ । यहाँका बासिन्दाले यो पर्व दसैँ जस्तै भव्य रूपले मनाउँछन् । अरू बेला देवी देवता मन्दिरभित्र राखिन्छ भने जात्राका बेला गाउँको मध्य भागमा रहेको पाटीमा राखिन्छ । वरपरका भक्तजनहरू पनि दिनहुँ जात्रा अवधिभर दर्शन गर्न र पूजा गर्न आउँछन् । जात्रामा बाल, युवा, वृद्धवृद्धा सबै हर्षले रमाउँछन् । नाचगान गरी, भोज खाई जात्रा रमाइलोसँग मनाउँछन् ।

**शब्दार्थ**

खट = देवी देवता बोकेर हिँडाउने काठको सिंहासन वा खटिया

कीर्तन = अरूको गुण, यश आदिको वर्णन, गुणगान गाउँदै बाजा बजाउँदै गर्ने स्तूति

बासिन्दा = कुनै ठाउँमा बसोबास गर्ने, त्यस ठाउँको निवासी

दिनहुँ = हरेक दिन, दिनैपिच्छे

अवधि = समय

पूजा = कसैको आदर सत्कार

**अभ्यासः**

१. तलका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

(क) इन्द्रायणीको जात्रामा गणेश र कुमारीको पनि जात्रा हुन्छ । ☐

(ख) मूल जात्रा आमाको मुख हेर्ने दिन मनाइन्छ । ☐


(ग) जात्रा गर्ने खट थापा परिवारको घरमा राखिन्छ । ☐

(घ) इन्द्रायणीको जात्रा नेवार जातिले मात्र मनाउँछन् । ☐

## २. जोडा मिलाउनुहोस् :

| | समूह "क" | समूह "ख" |
|---|---|---|
| (क) | मातातीर्थ औंसी | कुनै ठाउँमा बसोबास गर्ने |
| (ख) | खट | देवी देवता बोकेर हिँडाउने काठको सिंहासन |
| (ग) | अवधि | कसैको आदर सत्कार |
| (घ) | बासिन्दा | समय |
| (ङ) | पूजा, | आमाको मुख हेर्ने दिन |

## ३.चित्रअनुसार खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।

| | |
|---|---|
| इन्द्रायणीमाईको मन्दिर, इन्द्रायणी मन्दिरभित्रका देवी देवता, इन्द्रायणीमाईको रथजात्रा, इन्द्रायणी जात्रा गर्ने मूर्ति | |
|  |  |
| ................................ | ................................ |
|  |  |
| ...................................... | ...................................... |

**४. एक शब्दमा उत्तर दिनुहोस् :**

(क) सानागाउँमा केको जात्रा हुन्छ ?

(ख) जात्रा कति दिनसम्म मनाइन्छ ?

(ग) जात्राबाहेक अरू बेला देवता कहाँ राखिन्छ ?

**५.** इन्द्रायणीको जात्राबारे एक अनुच्छेदमा बयान गर्नुहोस्

**शिक्षण निर्देशन :**

- इन्द्रायणीमाईको जात्रासँग सम्बन्धित फोटो, भिडियो पावरप्वाइन्टमा कक्षाकोठामा प्रस्तुत गरी शिक्षण गर्नुहोस् ।
- खटमाथि इन्द्रायणीमाईको चित्र, मूर्ति राखेर जात्राको अभिनय गर्न लगाउनुहोस् ।
- इन्द्रायणी जात्राका बारे कक्षामा छलफल गरी शिक्षण गर्नुहोस् ।

पाठ ८

# इन्द्रायणीका देवी देवता

| **क्रियाकलाप १** | | |
|---|---|---|
| दिइएका चित्रहरूका बारेमा साथीहरूसँग छलफल गरी भन्नुहोस् : | | |
|  |  |  |
| **विन्ध्यवासिनी** | **सेतीदेवी** | **गोरखकाली** |

शंखरापुर नगरपालिकाभित्र विभिन्न मन्दिरहरू छन् । यस नगरपालिकाको वडा नम्बर ९ मा विन्ध्यवासिनी, सेतीदेवी र गोरखकाली मन्दिरहरू छन् । यस पाठमा यी तीन देवीहरूका बारेमा बताइएको छ ।

## १. विन्ध्यवासिनी

| | |
|---|---|
| विन्ध्यवासिनी मन्दिर खुलालटारमा छ । यो मन्दिर मूल सडकको दक्षिणतर्फ रहेको छ । पहिले डाँडामा ढुङ्गामात्र थियो । यसैलाई देवी मानेर पूजा गर्ने चलन थियो । तर पछि यहाँका स्थानीय बासिन्दाहरूले यसलाई अलि तल सारे । पहिले यहाँ मन्दिर थिएन । पछि मूर्ति बनाइयो |  |

विन्ध्यवासिनी मन्दिर खुलालटारमा छ । यो मन्दिर मूल सडकको दक्षिणतर्फ रहेको छ । पहिले डाँडामा ढुङ्गामात्र थियो । यसैलाई देवी मानेर पूजा गर्ने चलन थियो । तर पछि यहाँका स्थानीय बासिन्दाहरूले यसलाई अलि तल सारे । पहिले यहाँ मन्दिर थिएन । पछि मूर्ति बनाइयो ।

वि.सं. २०४३ सालमा मन्दिर पनि बनाइयो । मूर्ति कास्की पोखराको बिन्ध्यवासिनीकै रूपमा बनाइएको छ ।

यस देवीलाई यहाँका खुलाल थापाहरू आफ्नो कूल देवता मान्दछन् । उनीहरूको कुल पूजा पनि यहीँ नै हुन्छ । कुल पूजा प्रत्येक दुई वर्षमा हुन्छ । यो पूजा धान्य पूर्णिमाका दिन गरिन्छ । यसबाहेक चैतेदसैं र बडा दसैंमा पनि धुमधामले पूजाआजा गरिन्छ । यस ठाउँमा विन्ध्यवासिनीलाई प्रमुख देवीका रूपमा मान्दछन् ।

## २. सेतीदेवी

| | |
|---|---|
| सेतीदेवी मन्दिर कुसुमथली (कुर्थली) मा रहेको छ । स्थानीय बासिन्दाहरू यहाँ दैनिक पूजा गर्छन् । पहिले यहाँ मन्दिर थिएन । एउटा रुखमुनि केही ढुङ्गाहरू मात्र थिए । तिनै ढुङ्गालाई देवी देवता मानेर पूजा गर्थे । |  |

यिनै ढुङ्गालाई सेतीदेवी, कालीदेवी र भैरवका रूपमा पूजा गर्दै आएका हुन् । यसबाहेक यहाँ गणेश, महादेव, लक्ष्मी, बुढानीलकण्ठ र दशअवतारका मूर्तिहरू पनि छन् । हालको सेतीदेवीको मन्दिर निर्माण वि.सं. २०४८ सालमा भएको हो ।

यहाँ चैतेदसैं र बडादसैंमा ठुलो पूजा हुन्छ । चैतेदसैंको अगिल्लो दिन सप्तमीका दिन मादी बत्ती पनि बाल्दछन् । महिलाहरू ब्रत बस्छन् र राती जाग्राम पनि बस्छन् । भजन कीर्तन पनि हुन्छ । भोलिपल्ट बत्ती सेलाएर यज्ञ गरिन्छ । अष्टमी अर्थात् चैतेदसैंका दिन भव्य पूजा हुन्छ । चैतेदसैंमा जस्तै बडादसैंमा पनि यहाँ धुमधामका साथ पूजाआजा हुन्छ ।

सेतीदेवीलाई यहाँका कालिकोटे खड्काहरूले कुल देवता मान्छन् । उनीहरू यहाँ कुल देवता पूजा गरेर देवाली मनाउँछन् । यो देवाली धान्य पूर्णिमाका दिन गर्ने चलन छ ।

## ३. गोरखकाली देवी

| | |
|---|---|
| गोरखकाली मन्दिर इन्द्रायणी चोकभन्दा माथि डाँडामा रहेको छ । मन्दिर पुग्न सिँढीहरू बनाइएका छन् । स्थानीय बासिन्दाहरूका भनाइअनुसार पहिले यहाँ शिला मात्र थियो । शिला गोरखाबाट ल्याएर राखिएको थियो । |  |

त्यसैलाई देवी मान्दै आएका थिए । पछि देवीको मूर्ति प्रतिस्थापन गरियो । त्यसैले यसलाई गोरखकाली देवी मान्दै आएका हुन् । यहाँ दैनिक पूजा हुन्छ । चैतेदसैंमा पनि यहाँ धुमधामले पूजाआजा गरिन्छ । यहाँ जमरा पनि राखिन्छ । दसैंमा कालो बोकाको बलि दिएर कालरात्रि पूजा पनि गरिन्छ । उनीहरू यसलाई दसैं घर मान्दछन् । उनीहरू आफ्नो घरमा जमरा राख्दैनन् । यहीँको जमरा प्रयोग गर्छन् ।

यो गोरखकाली यहाँका सुयल थापाहरूको कुल देवता हो । उनीहरूको कुल देवता भएकाले यहाँ देवाली पूजा पनि गरिन्छ । यो देवाली पूजा धान्य पूर्णिमाका दिन मनाइन्छ ।

**शब्दार्थ**

स्थानीय = रैथाने

प्रतिस्थापन = देवी देवताको मूर्ति स्थापना गर्ने काम

जाग्राम = भजन कीर्तन गरेर रातभर जागा हुने काम

शिला = ढुङ्गा, पत्थर

दैनिक = प्रत्येक दिन

कालरात्रि = अँध्यारो र डरलाग्दो रात

**अभ्यास**

१. लिइएका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

(क) खुलालटारको विन्ध्यवासिनीको मूर्ति गोरखाको विन्ध्यवासिनीकै रूपमा बनाइएको छ । ☐

(ख) सेतीदेवी मन्दिर वि.सं.२०४८ सालमा बनेको थियो । ☐

(ग) सेतीदेवीलाई यहाँका खड्काहरूको कुल देवता मान्छन् । ☐

(घ) इन्द्रायणीमा रहेको गोरखकाली देवी खुलाल थापाहरूको कुल देवता हुन् । ☐

(ङ) सुयल थापाहरूको कुल देवताको पूजा धान्य पूर्णिमाका दिन गरिन्छ । ☐

**२. मिल्ने शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

(क) विन्ध्यवासिनी मन्दिर वि.सं … … मा बनेको हो । (२०४३, २०४८, २०५०)

(ख) विन्ध्यवासिनी, सेतीदेवी र गोरखकाली तीनै देवीस्थानमा चैतेदसैँ र … … … .. का दिन धुमधामका साथ पूजाआजा हुन्छ ।

(रामनवमी, बडादसैँ, श्रीपञ्चमी)

(ग) … … .. मन्दिरमा जाग्राम बसी भोलिपल्ट बत्ती सेलाएर यज्ञ गरिन्छ ।

(विन्ध्यवासिनी, सेतीदेवी, गोरखकाली)

(घ) गोरखकाली कुल देवता मान्नेले ... ... का दिन धुमधामका साथ पूजा गर्छन् ।

(चैतेदसैं, बडादसैँ, दुवै दसैँ)

**३. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) विन्ध्यवासिनी, सेतीदेवी र गोरखकाली मन्दिर कहाँ कहाँ पर्दछन् ?

(ख) विन्ध्यवासिनी, सेतीदेवी र गोरखकाली ककसका कुल देवता हुन्, लेख्नुहोस् ।

(ग) कुन मन्दिरलाई सुयाल थापाले जमरा घर मान्दै आएका छन् ?


(घ) सेतीदेवी मन्दिर कति सालमा निर्माण भएको हो ?

**शिक्षण निर्देशन :**

- यस पाठमा दिएका मन्दिर र मूर्तिका चित्रका बारे विद्यार्थीहरूलाई कक्षाकोठामा छलफल गराउनुहोस् ।
- विद्यार्थीहरूलाई विन्ध्यवासिनी, सेतीदेवी र गोरखकाली मन्दिरको स्थलगत भ्रमण गराई छलफल गराउनुहोस् ।

## पाठ ९ जात्रा, मेला परम्परा

## चाडपर्व

| **क्रियाकलाप १** | |
|---|---|
| दिइएका चित्रहरूमा के के देख्नुहुन्छ, वर्णन गर्नुहोस् : | |
|  |  |
| **इन्द्रायणीमाईको खट जात्रा** | **इन्द्रायणीमाईको मन्दिर** |
|  |  |
| **गाईजात्रा** | **लाखे नाच** |

हाम्रो देशमा विभिन्न चाडपर्वहरू मनाइन्छन् । शंखरापुर नगरपालिकाको इन्द्रायणीमा पनि यस्ता चाडपर्व, मेला, जात्रा मनाइन्छ। यहाँ विभिन्न गाउँहरू छन् । खुलालटार, कुर्थली, पेवाडोल, पासिखेल, दथुखेल, छ्याकापाखा, लाकिला, सानागाउँ, हाँडीगाउँ आदि यहाँका गाउँहरू हुन् । यी गाउँहरूमा विभिन्न जातिका

मानिसहरूको बसोबास रहेको छ । बाहुन, क्षेत्री, नेवार यहाँका प्रमुख बासिन्दा हुन् । यहाँका गाउमा मगर, परियार पनि छन् । ती सबै जातजातिले वर्षभरिमा विभिन्न जात्रा पर्व मनाउँछन् ।

यहाँका नेवार जातिले मनाउने मुख्य पर्व सानागाउँको इन्द्रायणी जात्रा हो । यो जात्रा वैशाखकृष्ण औँसीमा मनाइन्छ । नेवारका साथै क्षेत्री, बाहुनहरूले पनि यो जात्रा रमाइलो गरी मनाउँछन् । यस जात्रामा इन्द्रायणीमाईका साथै गणेश र ब्रह्मायणीको पनि जात्रा गरिन्छ ।

क्रियाकलाप २

१.दिइएका चित्रहरूमा के देख्नुभयो, साथीहरूसँग छलफल गरी बताउनुहोस् :

| | |
|---|---|
|  **लाकिलाको बाराही मन्दिर** |  **भूमेटारको सेतीदेवीको मन्दिर** |



गाईजात्रामा बाँसुरी बजाउँदै



गाईजात्रामा नाचगान गर्दै

इन्द्रायणीमा मनाइने मुख्य पर्वमध्ये तीज पनि पर्दछ । यो पर्व बाहुन, क्षेत्री जातिका महिलाहरूले मनाउँछन् । साउने सङ्क्रान्ति, असार पन्ध्र र साउन पन्ध्र खास गरी बाहुन, क्षेत्रीहरूले नै मनाउँछन् । यी बाहेक आमाको मुख हेर्ने दिन, बुबाको मुखहेर्ने दिन, चैतेदसैँ बडादसैं, तिहार माघे सङ्क्रान्ति, होली, शिवरात्रि जस्ता चाडपर्व भने सबै जातजातिले परम्परादेखि नै मनाउँदै आएका छन् ।

**शब्दार्थ :**

प्रमुख = मुख्य

निम्न = तलतिरको, तल्लो

धुमधाम = अत्यन्तै, ज्यादा

परम्परा = पहिलेदेखि चलिआएको रीतिथिति, चालचलन

**अभ्यास**

१. दिइएका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

(क) पासिखेल र दथुखेल एउटै गाउँ हो ।

(ख) इन्द्रायणीको जात्रा क्षेत्रीहरूले पनि मनाउँछन् ।

(ग) इन्द्रायणीको जात्रामा नवदुर्गा जात्रा गरिन्छ ।

(घ) तीज महिलाहरूको पर्व हो ।

२. जोडा मिलाउनुहोस् :

| समूह "क" | समूह "ख" |
|---|---|
| (क) इन्द्रायणी | ( ) खिर |
| (ख) माघे सङ्क्रान्ति | ( ) दही चिउरा |
| (ग) असार पन्ध्र | ( ) सबै जातिको पर्व |
| (घ) साउन पन्ध्र | ( ) वडा नम्बर ९ |

३. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क शंखरापुर वडा नम्बर ९ मा पर्ने कुनै पाँचओटा गाउँको नाम लेख्नुहोस् ।

(ख) इन्द्रायणीमा बसोबास गर्ने प्रमुख जाति कुन कुन हुन् ?

(ग) इन्द्रायणीमा बसोबास गर्ने सबै जातिले मनाउने चाड पर्व कुन कुन हुन् ?

(घ) दसैँ कति पटक र कहिले कहिले मनाइन्छ, लेख्नुहोस् ।

४. तपाईंले मनाउने कुनै एउटा चाडपर्वबारे एक अनुच्छेदमा लेख्नुहोस् ।

## ५. प्रयोगात्मक कार्य

(क) आफ्नो घर नजिकैको मन्दिरमा गएर त्यहाँ देखेका कुराहरूको सूची बनाउनुहोस् ।

**शिक्षण निर्देशन :**

- इन्द्रायणीमाईको जात्रासँग सम्बन्धित फोटो, भिडियो कक्षाकोठामा पावरप्वाइन्टमा प्रस्तुत गरी शिक्षण गर्नुहोस् ।
- खटको नमुना बनाई खटमाथि इन्द्रायणीमाईको चित्र, मूर्ति राखेर जात्राको अभिनय गर्न लगाउनुहोस् ।
- इन्द्रायणी जात्राका बारे कक्षामा छलफल गरी शिक्षण गर्नुहोस् ।

पाठ १०

## मन्दिर घुम्न जाँदा

### बज्रयोगिनीको मन्दिर

| क्रियाकलाप १ |
|---|
| तलको चित्रबज्रयोगिनी मन्दिर र बज्रयोगिनी जात्राको हो । तपाईले यी चित्रहरूमा के के देख्नु भयो वर्णन गर्नुहोस् । |


बज्रयोगिनी मन्दिर


बज्रयोगिनी जात्रा

कमल कक्षा २ मा पढ्छन् । उनको घरभन्दा तल बज्रयोगिनीको मन्दिर छ । उनी आमासँग बज्रयोगिनीको मन्दिर जान्छन् । मन्दिरको वरपर हेर्छन् । आमासँग मन्दिरको बारेमा सोध्दै हिँड्छन् । आमा कमललाई मन्दिर वरपर देखाउँदै भन्नुहुन्छ, “यो मन्दिर  तीन तलाको छ । यो ऐतिहासिक पुरानो मन्दिर हो ।”

मन्दिरको दायाँपट्टि ने मुनी सरस्वतीको मन्दिर छ । बायाँपट्टि योगेश्वरको शिवलिङ्ग रहेको छ । यहाँ एउटा वासुकी नागको शिला छ । त्यसको नजिकै

दुईओटा भजन पाटी छन् । यहाँ बिहान भजन गरिन्छ । यस मन्दिरको दायाँपट्टि गुफाहरू रहेका छन् । यस मन्दिरको नजिक एउटा कलात्मक ढुङ्गेधारा छ । यस मन्दिरको तलतिर १११ ओटा सिँढीहरू छन् । यो सँगै तल चैत्य, महाङ्काल भैरव र गणेशको मूर्ति छ । यहाँ कमलले पनि आमासँगै पूजा गर्छन् ।

आमा बज्रयोगिनी जात्राका बारेमा कमललाई भन्नुहुन्छ, यहाँ बज्रयोगिनीको जात्रा गरिन्छ । जात्रा अवधिभर कडा अनुशासन पालना गरी पूजा गरिन्छ । यस जात्रामा साँखुको परम्परागत बाजाहरू बजाइ नाचगान गरिन्छ । आठौँ दिनमा विधिपूर्वक क्षमा पुजा गरी सम्पूर्ण देवीदेवतालाई खटमा राखी गुँविहारमा लगिन्छ । यस अवधिमा साँखु बासीहरूमा जात्रा, उत्सव र भोज गर्ने चलन छ । यस जात्राको आफ्नै सांस्कृतिक महत्त्व छ । बज्रयोगिनीको जात्रा हेर्न धेरै मानिसहरू आउँछन् ।

## मणिचूड

| **क्रियाकलाप २** |
|---|
| तलका चित्रमा के के देख्नुभयो, छलफल गर्नुहोस् : |

| | |
|---|---|
|  |  |
| मणिचूड कुण्ड | मणिचूड महोत्सव |

कमल आमासँग मणिचूड  जान्छन् । मणिचूड शंखरापुर नगरपालिकाको वडा नम्ब

आमा कमललाई मणिचूडको महत्त्वका बारेमा भन्नुहुन्छ, मणिचूड कुण्डको पानी सफा र पवित्र मानिन्छ । यहाँको पानी बज्रयोगिनीको पूजामा प्रयोग गर्ने चलन छ । यहाँ लालीगुराँस, सुनाखरी जस्ता फूलहरू फुल्दछन् । यस क्षेत्रमा बदेल, चितुवा, मृग आदि वन्यजन्तुहरू हेर्न सकिन्छ । यो ठाउँमा जडीबुटीहरू पाइन्छ । यस ठाउँबाट काठमाडौँको दृश्य राम्रो देखिन्छ । यहाँबाट हिमालहरू हेर्न सकिन्छ । यो ठाउँ शान्त र शीतल छ ।  यहाँ मानिसहरू घुम्न आउँछन् ।

अभ्यास

१. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) मणिचूड राजाको मूर्ति | बज्रयोगिनीको मन्दिर |
| (ख) वैशाख १ गते | पाहुना घर |
| (ग) देवी राख्ने घर | मणिचूड महोत्सव |
| (घ) तीन तलाको मन्दिर | बज्रयोगिनीको यज्ञशाला |

र ८ मा पर्छ । यो ठाउँ शिवपुरी राष्ट्रिय निकुञ्जभित्र रहेको छ । यहाँ एउटा सुन्दर कुण्ड छ । यहाँ महादेवको शिव लिङ्ग छ । यो मन्दिरमा कमलले आमासँगै पूजा गर्छन्। यो ठाउँमा चैत्य स्तूपाहरू पनि छन् ।  यहाँ मणिचूड राजाको शिलामूर्ति पनि छ । यहाँ जनैं पूर्णिमामा मेला लाग्छ । यस मेलामा नयाँ बाली चढाएर मात्र खाने चलन छ ।

वैशाख १ गते मणिचूड महोत्सव हुन्छ । कमल आमासँगै महोत्सव हेर्न जान्छन् । यस महोत्सवमा भजन कीर्तन, नाचगान, विभिन्न प्रतियोगिताहरू गरिन्छ  ।

यहाँ साँढेको मूर्ति उचाल्ने प्रतियोगिता पनि हेर्छन् । यी सबै देखेर कमल खुसी हुन्छन् ।

(ङ) स्रङचङगम्पो र भृकटीको विवाह मणिचूड

२. तलका प्रश्नहरूको उत्तर भन्नुहोस् :

(क) कमलले बज्रयोगिनी मन्दिरमा के के देखे ?

(ख) कमल कोसँग मणिचूड जान्छन् ?

(ग) मणिचूड महोत्सवमा के के गरिन्छ ?

(घ) बज्रयोगिनीको जात्रामा के गर्ने चलन छ ?

३. तलका चित्रहरू हेर्नुहोस्, चिन्नुहोस् र लेख्नुहोस् :

| बज्रयोगिनी मन्दिर, बज्रयोगिनी जात्रा, मणिचूड कुण्ड, मणिचूड मेला |
|---|

| | |
|---|---|
|  |  |
| | |

| | |
|---|---|
|  |  |
| | |

प्रयोगात्मक कार्य

४. अभिभावकसँग बज्रयोगिनीको मन्दिरमा जानुहोस् र त्यहाँ देखेका कुराहरूको सूची बनाउनुहोस् ।

५. मणिचूडको महत्त्वबारे कक्षामा छलफल गर्नुहोस् ।

**शिक्षण निर्देशन :**

- मणिचूड र बज्रयोगिनी मन्दिरसँग सम्बन्धित फोटा, भिडियो कक्षामा पावरप्वाइन्टमा प्रस्तुत गरी शिक्षण गर्नुहोस् वा मणिचूड र बज्रयोगिनी क्षेत्रको परिचय र महत्त्वका बारेमा कक्षामा छलफल गरी शिक्षण गर्नुहोस् ।
- मणिचूड र बज्रयोगिनीसँग सम्बन्धित ऐतिहासिक र पर्यटकीय स्थलका बारेमा प्रश्नोत्तर गराउनुहोस् ।

पाठ ११

# पर्यटकीय क्षेत्रहरू

## जहरसिंह पौवा

<table>
<tr><td colspan="2">क्रियाकलाप १</td></tr>
<tr><td colspan="2">तलका चित्रहरू हेर्नुहोस् र कक्षामा छलफल गर्नुहोस् :</td></tr>
<tr><td></td><td></td></tr>
<tr><td>जहरसिंह पौवाको वनभोज स्थल देखिने दृश्य</td><td>जहरसिंह पौवाबाट देखिने दृश्य</td></tr>
</table>

| | |
|---|---|
|  |  |
| जहरसिहं पौवा मुख्य बजार क्षेत्र | रेष्टुरेन्ट |

जहरसिंह पौवा शंखरापुरको वडा नम्बर ३ मा पर्छ । यो ठाउँ स्वच्छ , शान्त र धेरै राम्रो छ । यहाँ जानका लागि मोटर बाटोको सुविधा छ । यहाँबाट सूर्य उदाएको देखिन्छ । यस ठाउँमा धेरै वन जङ्गलहरू छन् । यहाँका जङ्गलमा सल्लाका रुखहरू पाइन्छन् । हिउँदमा वनपाखाभरि लालीगुराँस ढकमक्क फुल्दछन् । यहाँको हावापानी शीतल छ । यस ठाउँबाट हिमालहरू पनि देखिन्छ । यहाँ हिउँदमा हिउँ पर्दछ । जहरसिहं पौवा सफा र सुन्दर छ । यहाँ धेरै मानिसहरू घुम्न आउँछन् ।

यहाँ विदेशीहरू पनि आउँछन् । वनभोजका लागि पनि धेरै मानिसहरू आउँछन् । यहाँ खान बस्नका लागि होटेल र रिसोर्टहरू पनि छन् । त्यसैले जहरसिंह पौवा घुम्दा रमाइलो हुन्छ ।

## देउराली

| क्रियाकलाप २ |
|---|

१. तलका चित्रहरूमा के देख्नुभयो, वर्णन गर्नुहोस् :





देउराली जहरसिंह पौवाबाट नजिकै पर्दछ । देउराली शंखरापुरको वडा नम्बर २ मा पर्छ । यहाँ जान मोटर बाटोको सुविधा छ । यो अग्लो ठाउँमा रहेको छ । यहाँबाट प्याराग्लाइडिङ गरिन्छ । देउरालीमा बटुवाहरू आराम गर्छन् । भरियाहरू भारी बिसाउँछन् ।

देउरालीमा शीतल हावा बहन्छ । यो ठाउँ वनभोजका लागि पनि राम्रो छ । यहाँ खान, बस्नका लागि होटल र रिसोर्टहरू पनि रहेका छन् । यस ठाउँबाट हिमालहरू देख्न सकिन्छ । यहाँबाट सुन्दर पहाडहरू पनि देखिन्छ । यस ठाउँमा हिउँदमा ढकमक्क लालीगुराँस फुलेको देखिन्छ । देउरालीभन्दा माथि भ्फुलेको जङ्गल छ । यहाँबाट हिडेर भ्फुलेसम्म जाँदा रमाइलो हुन्छ ।

देउरालीमा एउटा ढुङ्गाको स्थापना गरिएको थियो । मानिसहरू यहाँ फूलपाती चढाउने गर्थे । देउरालीमा फूलपाती चढाउँदा काम सफल हुने विश्वास गरिन्छ ।

| क्रियाकलाप ३ |
| --- |
| तल दिइएका चित्रहरू हेर्नुहोस्, चित्रमा दिएका ठाउँमा तपाईं घुम्न गएको भए “ म घुम्न गएको छु ” र नगएको भए “ म घुम्न गएको छैन” लेख्नुहोस् । |

| | |
| --- | --- |
|   |   |
| | |

## अभ्यास

१ दिइएका शब्दहरूलाई मिल्ने ठाउँमा भर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| शंखरापुर | चिसो | प्याराग्लाइडिङ | वडा नम्बर २ | वनभोजका |

(क) जहरसिंह पौवा ……………..को वडा नम्बर ३ मा पर्दछ।

(ख) जहरसिहं पौवाको हावापानी …………….. छ ।

(ग) देउरालीबाट ………………….. गरिन्छ ।

(घ) देउराली शंखरापुरको ……………..मा पर्दछ।

(ङ) देउराली ………………..लागि पनि राम्रो छ।

२. तलका शब्दहरू शिक्षकको सहायताले अरूले सुन्ने गरी पढ्नुहोस् :

| |
|---|
| प्याराग्याइडिङ, जहरसिहं पौवा, शंखरापुर, देउराली , रिसोर्ट ,झुले, शीतल, हिमाल, हिउँ, वातावरण, शान्त, वनभोज |

३. पाठका आधारमा तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) जहरसिंह पौवाको हावापानी कस्तो छ ?

(ख) जहरसिंह पौवाबाट के उदाएको हेर्न सकिन्छ ?

(ग) देउरालीभन्दा माथि केको जङ्गल छ ?

(घ) देउरालीमा भरियाहरू के बिसाउँछन् ?

४. देउरालीका कुनै दुईओटा महत्त्व लेख्नुहोस् ?

५. तपाइँको घरवरिपरि रहेका रमाइला ठाउँको सूची बनाउनुहोस्।

(क) ................  (ख) ...................

(ग) ...................  (घ) ...................

(ङ) .......................  (च) ...................

प्रयोगात्मक कार्य

६. तलको चित्रमा रङ भर्नुहोस् ।



**शिक्षण निर्देशन :**

- जहरसिहं पौवा र देउरालीसँग सम्बन्धित पर्यटकीय क्षेत्रका बारेमा कक्षामा प्रश्नोत्तर र छलफल गराउनुहोस् । जहरसिंह पौवा र देउरालीसँग सम्बन्धित फोटो, भिडियो पावरप्वाइन्टमा प्रस्तुत गर्नुहोस्।
- विद्यार्थीहरूलाई जहरसिंह पौवा र देउरालीको प्रत्यक्ष अवलोकन गराई कक्षामा वर्णन गर्न लगाउनुहोस् ।
- नजिकैको कुनै पर्यटकीय क्षेत्रको अवलोकन गराई कक्षामा छलफल गराउनुहोस्।


पाठ १२

# हाम्रो गौरव

## मणिशैल महावदान

मणिशैल महावदान पुरानो ग्रन्थ हो । यो नेपालको गौरव हो । यसको अध्ययन गरेर नेपालको इतिहास बुझ्न सकिन्छ। यो ग्रन्थमा शंखरापुर, काठमाडौँ उपत्यका र नेपालकै सभ्यताका बारेमा लेखिएको छ । मणिशैल महावदानमा मणिचूड महाराजका बारेमा वर्णन गरिएको छ ।

मणिचूड राजाको दानवीरपनले सबैको मन पग्लन्छ । यसमा वर्णन गरिएको बज्रयोगिनी देवीको उत्पत्तिको कथाले धार्मिक पर्यटन वृद्धि गर्न मदत गर्दछ । बौद्ध धर्मको एक शाखा बज्रयान सम्प्रदायको उत्पत्ति स्थल शंखरापुर हो । यसको जानकारी गराउन सके यो ठाउँ विश्वभरका बौद्ध अनुयायीको तीर्थस्थल बन्न सक्छ । यस ग्रन्थमा साँखु सहर र यसका जात्रा परम्पराका बारेमा लेखिएको छ ।




मणिशैल महावदान ग्रन्थ

क्रियाकलाप १

माथिका हरफहरू पढेर मणिशैल महावदानको महत्त्व लेख्नुहोस् :

(क) ...............................................................................

(ख) ....................................................................................

## गुफा र विहार

हाम्रो नगरपालिकाको बज्रयोगिनी मन्दिरको आसपासमा नौओटा ढुङ्गे गुफाहरू छन् । यी गुफाहरूको धार्मिक र पर्यटकीय महत्त्व छ । यी गुफाहरूको अध्ययनबाट हाम्रो सभ्यताको जानकारी प्राप्त हुन्छ । बौद्ध धर्ममा महायान र

बज्रयान सम्प्रदायको उद्भव यिनै गुफामा बसेर ध्यान चिन्तन गर्ने भिक्षुहरूबाट भएको विश्वास गरिन्छ।

आजभोलि पनि साधना गर्नका लागि स्वदेश र चिन तथा अन्य देशबाट समेत साधकहरू आइरहन्छन् । भिक्षु पद्म सम्भवले पनि बज्रयोगिनी क्षेत्रको भ्रमण गरी यहाँको सिद्ध गुफामा साधना गरेको कथन छ ।









माथिका चित्रमा शंखरापुरमा भएका केही गुफाहरू देखाइएको छ। यी गुफाहरू बज्रयोगिनी मन्दिर र गुँविहारका आसपासमा रहेका छन् । त्यसैले मन्दिर र विहारका तीर्थयात्रीहरूका लागि पनि  गुफाहरू आकर्षणका विषय बनेका छन् । गुँविहार नेपालकै पहिलो विहार मानिन्छ । यो स्थान चर्या नृत्यको उद्गम स्थल हो । यो स्थानबाट पुरै नेपाल मण्डलको सभ्यता आरम्भ भएको थियो । यी गुफाहरू सुन्दर प्रकृतिको काखमा रहेका छन् । सिद्ध गुफामा प्वालबाट छिर्ने चलन छ । यो कार्य निकै रमाइलो हुन्छ ।

गुफाहरूको विशेष महत्त्व रहेको छ । गुफाहरू धर्म मान्नेहरूका लागि आस्थाको स्थल हुन् । प्रकृतिप्रेमीका लागि रमणीय स्थल हुन् । जिज्ञासुका लागि अध्ययन गर्ने स्थल हुन् । साधकहरूका साधना स्थल हुन ।

**शालीनदी**

शालीनदी ठुलो धार्मिक मेला लाग्ने स्थान हो । प्रत्येक वर्ष लाखौं भक्तजनले यस तीर्थको यात्रा गर्दछन् । यहाँ पौष शुक्लपूर्णिमादेखि माघ शुक्लपूर्णिमासम्म एक महिनाको ठुलो मेला लाग्छ ।

मेलामा फूल प्रसाद, फलफूल, लत्ताकपडा, भाँडाबर्तन र अन्य सामग्रीको किनबेच हुने गरेको छ। मेला भर्न आउने मानिसहरूले विभिन्न घरायसी सामानको खरिद गरेर लाने गरेका छन्।



हाम्रो नगरपालिकामा कृषि उत्पादन धेरै हुन्छ। मेलामा आउने भक्तहरूले गेडागुडी, फलफूल, आलु, तरकारी र खुवा किन्छन्। सुन्तला, जुनार, लप्सी, कागती र बदाम यो मेलामा धेरै बिक्छ।

शंखरापुरको परम्परागत पोसाक, ढाकाका कपडा, सजावटका सामान, ढकी आदिको धेरै खोजी हुन्छ। शालीनदीको मेलामा स्थानीय, स्वदेशी र विदेशी धेरै सामग्रीको ठुलो व्यापार हुन्छ।

यस पाठमा चर्चा गरिएका मणिशैल महावदान, गुफा, विहार, शालीनदी शंखरापुर नगरपालिकाका गौरव हुन्। हामीले यिनीहरूको संरक्षण गर्नुपर्दछ।

**क्रियाकलाप २**

शालीनदी मेलामा बेचिने कुनै पाँच स्थानीय सामग्रीको चित्र टाँसेर नामसमेत लेख्नुहोस् ।

**शब्दार्थ**

बज्रयान : तन्त्रको प्रभाव भएको बौद्ध धर्मको एक शाखा

रोमाञ्चित : प्रेम, हर्षले खुसी भएको स्थिति

चर्या नृत्य : एक किसिमको शास्त्रीय नृत्य

वास्तु शिल्प : भवन निर्माण कला

मणि : रत्न

अद्वितीय : प्रथम स्थानमा रहेको, उत्तम

महायान : बौद्ध धर्मको एक शाखा

**अभ्यास**

१. तलका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् ।

(क) गुफामा बसेर ध्यान गरिन्छ । ( )

(ख) पर्यटनबाट आर्थिक लाभ हुँदैन । ( )

(ग) शंखरापुर नगरपालिका कृषि पेसामा अगाडि छ । ( )

(घ) शालीनदी मेलाका यात्रुहरू स्थानीय सामग्री किन्न पाउँदा रमाउँदैनन् । ( )

(ङ) घरेलु उद्योगले हाम्रो आम्दानी बढ्दछ । ( )

२. सही उत्तर छानेर खाली ठाउँ भर्नुहोस् :

(क) मणिशैल महावदानले शंखरापुरको .............. बढाउँछ ।
(आकर्षण, विकर्षण, मनोबल )

(ख) मणिचूड महाराज ................ थिए ।

(कर्मवीर, दानवीर, शूरवीर )

(ग) बज्रयोगिनी क्षेत्रको ढुङ्गे गुफामा .................. गर्न जान्छन् ।

(दर्शन, पूजा, ध्यान )

(घ) शालीनदीको मेला .............. महिनासम्म चल्छ ।

(एक, दुई, तीन)

(ङ) पर्यटनबाट हामीलाई ............. लाभ हुन्छ ।

(आर्थिक, सामाजिक, राजनीतिक)

३. एक वाक्यमा उत्तर दिनुहोस् :

(क) शंखरापुरको इतिहासको मुख्य स्रोत के हो ?

(ख) बज्रयान र महायान सम्प्रदायको उत्पत्ति कहाँ भएको थियो ?

(ग) गुफामा साधना गर्न नेपालबाहेक अरू कुन ठाउँबाट साधकहरू आउँछन् ?

(घ) सिद्ध गुफाको झ्यालबाट किन छिरिन्छ ?

(ङ) शालीनदीको मेलामा व्यापार गर्ने स्थानीय व्यक्तिले के पाउँछन् ?

**४. छोटो उत्तर दिनुहोस् :**

(क) मणिचूड महाराजको कथा लेखिएको ग्रन्थ कुन हो ?

(ख) नेपालको पहिलो विहार कुन हो ?

(ग) चर्या नृत्य कहाँ उत्पत्ति भएको थियो ?

(घ) शंखरापुर नगरपालिकाका मानिसहरूको मुख्य पेसा के हो ?

(ङ) गुफाको महत्त्व लेख्नुहोस् ।

**५. घरको काम :** कुनै पाँचओटा गुफाहरूको चित्र खोजेर कापीमा टाँस्नुहोस् ।

**शिक्षण निर्देशन :**

- स्थानीय विज्ञलाई बोलाई मणिशैल महावदान, ढुङ्गे विहार र शालीनदीले नगरको पर्यटन प्रवर्धनमा पुऱ्याउन सक्ने योगदानबारे कक्षा लिन लगाउने
- मेलाको अवधिमा शालीनदीको भ्रमण गराई त्यहाँ हुने आर्थिक गतिविधिको अवलोकन गराउने
- युट्युब भिडियो तथा पावरप्वाइन्टका माध्यमबाट त्यस्ता गतिविधि देखाउने, कक्षामा देखाएर छलफल गराउने
- ढुङ्गे विहारमा ध्यान गरेको दृश्यको तस्बिर देखाएर कक्षामा छलफल गराउने।

**पाठ १३**

## डोल्मो र उनका छिमेकी

क्रियाकलाप १

तपाईंका परिवारका सदस्यहरूले के के काम गर्नुहुन्छ, लख्नुहोस् ?

..........................................................................................

..........................................................................................

...................................................................

डोल्मोको घर शंखरापुर नगरपालिका वडा न. ३ बोजिनी गाउँमा छ। डोल्मोको परिवारको मुख्य पेसा कृषि हो । बुबा खेतीको काम गर्नुहुन्छ । घरमा बुबालाई सबैले काममा सघाउनु हुन्छ । बुबाले खेतबारीमा धान, गहुँ, मकै, कोदो बालीहरू लगाउनुहुन्छ । आफ्नो खेतीबाट आएको भटमास, सिमी, तोरी, काउली, सागपात र केही अन्न आफ्नै लागि राख्नुहुन्छ। केही बजारमा लगेर बेच्नुहुन्छ। यसरी बेचेको पैसाले घरपरिवारका लागि चाहिने लत्ताकपडा, नुन तेल, कापी, कलम किनेर ल्याउनु हुन्छ।





डोल्मोकी आमाले सुकुल, गुन्द्री पनि बुन्ने काम गर्नुहुन्छ । उहाँले बुनेका सुकुल केही आफ्नै लागि राख्नुहुन्छ भने केही छरछिमेकलाई बेचेर पैसा कमाउनुहुन्छ ।



डोल्मोकी दिदी लुगा सिलाउने काम गर्नुहुन्छ । उनले आफ्नो परिवारका लागि र छरछिमेकका मानिसहरूका लागि पनि लुगा सिलाउने काम गर्नुहुन्छ ।



डोल्मोका दाजु गाई पाल्नु हुन्छ । उहाँले गाईको दुध डेरीमा लगेर बेच्नुहुन्छ र पैसा कमाउनु हुन्छ । यसरी कमाएको पैसा आफूलाई आवश्यक परेका बेला खर्च गर्नुहुन्छ ।





डोल्मोकी काकी पानीघट्ट चलाउने काम गर्नुहन्छ । उहाँले गाउँटोल छिमेकका मानिसहरूको कोदो, मकै, गहुँ पिसिदिने काम गर्नुहन्छ । उहाँले यो काम गरेबापत ज्याला लिनुहुन्छ । यसरी कमाएको पैसाले आफ्‌नो घरखर्च हुन्छ ।



परशुराम डोल्मोका छिमेकी हुन् । परशुरामका परिवारको पेसा आरन चलाउनु हो । आरनबाट हँसिया, कुटो, कोदाली, कोदालो, चाँदे, ताप्के, फाली, खुर्पा, चुपी, बन्चरो, खुकुरी, कर्द जस्ता औजार बनाउनुहुन्छ । ती औजारहरू गाँउ छिमेकमा मानिसहरूलाई बेच्नुहुन्छ । बेचेर आएको पैसाले आफ्नो घरखर्च चलाउनु हुन्छ ।



डोल्मोका अर्का छिमेकी साथी कर्सङ हुन् । कर्सङका बुबाले बाँस र निगालोबाट डोको, डालो, नाङलो, कोक्रो, थुन्से, घुम, पेरुङ्गा बुन्नुहुन्छ । यस्ता सामानहरू केही आफ्ना घरका लागि प्रयोग गर्नुहुन्छ । केही सामान भने गाउँमा बेचेर आम्दानी गर्नुहुन्छ । यसरी सामान बेचेर आएको पैसाबाट आफ्नो घर खर्च चलाउनु हुन्छ ।




छिरिङ पनि डोल्मोको छिमकी हुन् । छिरिङका बुबाले थाङ्का लेख्ने काम गर्नुहुन्छ । उहाँले थाङ्का काठमाडौं सहरमा लगेर बेच्नुहुन्छ । त्यसबाट आएको पैसाले छोराछोरी पढाउने र घरमा चाहिने सामान किनेर ल्याउनु हुन्छ ।





| | |
|---|---|
| छिरिङका दाजुहरू कोही घरको गारो लगाउने डकर्मी काम गर्नुहुन्छ भने कोही झ्याल, ढोका, मेच टेबुल बनाउने सिकर्मी काम गर्नुहुन्छ । |  |
| सुलोचना डोल्मोको धेरै मिल्ने साथी हुन् । उनीहरू एउटै कक्षामा पढ्छन् । उनका परिवार साँखुमा बसाइँ सरेर गएका छन् । उनको परिवार बसाइँ सरेर गएपछि सुलोचनालाई धेरै नराम्रो लाग्यो । सुलोचनाका बुबा व्यापार गर्नुहुन्छ । |  |

सुलोचनाकी आमा घरैमा तान राखेर कपडा बुन्नुहुन्छ । सुलोचनाका काका माटाका भाँडाकुँडा बनाएर बेच्नुहुन्छ । सुलोचनाका परिवारमा सबै जना मिहिनेती हुनुहुन्छ। घरका सबै परिवारका मानिसहरूको आआफ्नै पेसा (काम) छ । उहाँहरू कामबाट पैसा कमाएर आफूलाई चाहिने मालसामन किन्नु हुन्छ । छोरा छोरीको पढाइमा खर्च गर्नुहुन्छ ।





क्रियाकलाप २

तपाईंका छिमेकीहरूले के के काम गर्नुहुन्छ, कामको सूची बनाउनुहोस्

.....................................................................................................

.....................................................................................................

...........................................................................................

अभ्यास

१. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) डोल्मोको घर कहाँ छ ?

(ख) डोल्मोका बुबा के काम गर्नुहुन्छ ?

(ग) डोल्मोकी आमा के गर्नुहुन्छ ?

(घ) डोल्मोका  दिदी र दाइ के के काम गर्नुहुन्छ ?

(ङ) डोल्मोका छिमेकीले के काम गर्नुहुन्छ ?

२. पाठका आधारमा खाली ठाँउ भर्नुहोस् :

(क) डोल्मोको घर ............................ गाउँमा छ ।

(ख) डोल्मोका काका ......................... चलाउनु हुन्छ ।

(ग) डोल्मोका छिमेकी परशुरामका परिवारले ............... चलाउनुहुन्छ ।

(घ) झ्याल, ढोका, मेच टेबुल बनाउने मानिसलाई ............ भनिन्छ ।

(ङ) सुलोचनाका बुबा ................ गर्नुहुन्छ ।

३. डोल्मोको परिवारको आम्दानीका स्रोतहरू के के हुन् सूची बनाउनुहोस् ।

४. तपाईँको सबैभन्दा मिल्ने साथीका परिवारले के के काम गर्नुहुन्छ, लेख्नुहोस् ।

५. घरको काम : तपाईँको परिवार र तपाईँका छिमेकीले गर्ने कामका छओटा चित्र सङ्कलन गरी कार्डबोर्डमा टाँसेर कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

**शिक्षण निर्देशन :**

- बालबालिकाहरूका परिवारले गर्ने कार्यहरू भन्न लगाएर कामको सूची कक्षामा छलफल गराउनुहोस् ।
- गाउँ समुदायमा गरिने कामसँग सम्बन्धित पोस्टर, चित्र, भिडियो कक्षामा प्रदर्शन गरी छलफल गराउनुहोस् ।
- विद्यालय नजिकैको गाउँ समुदायका मानिसहरूले काम गरिरहेका ठाउँमा विद्यार्थीहरूको अवलोकन भ्रमण गराई छलफल गराउनुहोस् ।
- बालबालिकाहरूलाई आफ्नै गाँउ ठाँउमा अपनाइएका पेसा व्यवसयलाई महत्त्व दिने र संरक्षण गर्ने बानी बसाल्न सहयोग पुग्ने क्रियाकलाप गराउनुहोस् ।
- पेसा व्यवसायबाट मानिसलाई हुने फाइदाहरूका बारेमा बुँदागत रूपमा छलफल गराउनुहोस् ।

पाठ १४

## कामको महत्व

| क्रियाकलाप १ |
| --- |
| तपाईँका अभिभावकहरूले के के काम गर्नुहुन्छ ? कक्षामा साथीहरुसँग छलफल गर्नुहोस् । |






मानिसलाई बाँच्नका लागि धेरै कुराहरु चाहिन्छ । ती कुराहरु पुरा गर्नका लागि धेरै कामहरु गर्नुपर्छ । मानिसले गर्ने कामहरु फरक फरक हुन्छन् । त्यस्ता कामहरुमा बाख्रा पालन, भैसी पालन, गाई पालन ,खेतबारीको काम ,जागिर, व्यापार आदि पर्दछन् । यस्ता कामहरुबाट हामीलाई धेरै फाइदाहरु हुन्छन् ।

| क्रियाकलाप २ |
| --- |
| तलका चित्रमा मानिसहरु के गरिरहेका छन्, हेर्नुहोस्,ती कामबाट हामीलाई कस्तो कस्तो  फाइदाहरु हुन्छ, कक्षामा  छलफल गर्नुहोस् । |



खेतको काम



भैसी पालन



सुकुल बन्ने काम



लुगा सिउने काम

कृषि शंखरापुरको लागि महत्वपूर्ण पेसा हो । कृषि धेरै महत्व छ।

खेतबारीको कामबाट मकै, कोदो, धान, गहुँ आदि अन्नहरू उत्पादन हुन्छ । रायोको साग, काउली, गोलभेँडा, स्कुस आदि तरकारीहरू पनि खेतीबाट नै उपलब्ध हुन्छ । यी कामबाट हामीलाई खान पुग्छ । बढी भएको अन्न तरकारी बेचेर घरखर्च चलाउन सकिन्छ । काम गर्दा मानिस स्वस्थ बन्छ । आफ्नो खेतबारीको ताजा खानेकुरा खान पाइन्छ ।





पशुपालनको महत्व धेरै छ । यसबाट दुध, दही, मखन, मासु प्राप्त हुन्छ । यी कुराहरु खाँदा हामी स्वस्थ हुन्छौ । बढी भएको बेच्न सक्छौं । बेचेर आएको पैसाले घरखर्च चल्छ ।



पराल, बाबियो, केतुकेबाट सुकुल, गुन्द्री, ढकीबुन्ने र डोरी बाँट्ने काम गरिन्छ। गाउँ घरमा पाइने सामग्रीबाट बनाइने हुँदा यसको धेरै महत्व छ । यी कामबाट हामीलाई आवश्यक घरायसी सामग्री प्रयोग गर्न सजिलो भएको छ। साथै घरमा तयार गर्न सकिने यस्ता सामग्रीहरू बेचेर पैसा कमाउन पनि सकिन्छ ।





शरीर ढाक्नका लागि हामीलाई लुगा चाहिन्छ। लुगा सिलाउने कामको पनि धेरै महत्व छ। यो कामबाट मानिसहरुले घर खर्च चलाइ धेरै पैसा समेत कमाउन सक्छन्।





पानीघट्टको  धेरै महत्व छ। यसबाट अन्न पिस्ने गरिछ। यो धेरै पहिलादेखि चल्दै आएको पेसा हो। यसले बिजुली नभएको बेलामा पनि पिठो पिस्न सक्छ। आफ्नै सिपको प्रयोग भएकाले यसको महत्व धेरै छ।





खेतबारीमा काम गर्ने खुकुरी, हँसिया ,बन्चरो आदि औजारहरू चाहिन्छ। यी सामग्रीहरु खेतीपाती गर्न चाहिने भएकाले आरनको धेरै महत्व छ। आरनमा

काम  गरेर आफ्नो घरखर्च चलाई पैसा कमाउन सकिन्छ । यसले गर्दा खेतीपाती गर्न धेरै सजिलो भएको छ ।





गाउँघरमा डोको, डालो, कोक्रो बुन्ने काम धेरै महत्वपूर्ण हुन्छ । यी सामग्रीहरु घाँस , दाउरा बोक्न र अन्य काममा पनि प्रयोग गरिन्छ  । बेत र बाँसबाट बनेका सामग्री बेचेर पैसा कमाउन सकिन्छ । यो काम गर्दा  पुरानो सिपलाई जोगाउन सकिने भएकाले यसको महत्व धेरै छ ।



थाङ्का चित्रको पनि महत्व धेरै छ । यसमा बौद्ध धर्मसम्बन्धी देवी देवताका चित्र बनाइन्छ। यो चित्र बेचेर धेरै पैसा कमाउन सकिन्छ। यसले हाम्रो पुरानो परम्परा,धर्म र संस्कृतिसँग परिचय गराउँछ ।





| | |
|---|---|
| राडीपाखी र लुगाबुन्ने कामको पनि धेरै महत्व छ । यो यहाँको पुरानो पेसा हो । तानमा बुनेका ढाकाका कपडा, गलबन्दी मानिसहरूले धेरै मन पराउछन् । यसलाई बेचेर पैसा कमाउन सकिन्छ । |  |

माथि बताइएको भन्दा अरु थुप्रै खालका कामहरू गर्ने मानिस शंखरापुरमा छन् । ती सबै कामको आ आफ्नै महत्व रहेको छ । काम गर्दा मानिसहरुले धेरै कुरा सिक्छन् । खेतबारीमा काम गरी फलाएको अन्नले भोक मेटिन्छ । लुगा सिलाउने काम गरेर जाडोबाट बच्न सकिन्छ। काम गर्दा हामीलाई धेरै रमाइलो हुन्छ। कामगर्दा मानिस जाँगरिलो बन्छ। काम गरेर धेरै पैसा कमाउन सकिन्छ । परम्परागत सिप र कलालाई बचाउन सकिन्छ । कामगर्दा मानिस सुखी र खुशी हुने भएकाले यसको महत्व धेरै छ ।

क्रियाकलाप ३

तपाईंको गाउँघरमा गरिने कुनै ५ ओटा परम्परागत कामहरू र उक्त कामको महत्व लेख्नुहोस् ।

| क्र. स. | परम्परागत कामहरु | कामको महत्व |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

## अभ्यास

१. तलका दिइएको आधारमा खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।

| | |
|---|---|
| खेतबारीमा | पैसा कमाउन |
| पशुपालन | देवी देवताका |

क) शंखरापुरमा धेरैजसो ...................... काम गरिन्छ ।

ख) .................... बाट दुध, दही, मखन, मासु प्राप्त हुन्छ ।

ग) यसमा बौद्ध धर्मसम्बन्धी .................चित्र बनाइन्छ ।

घ) बेत र बाँसबाट बनेका सामग्री बेचेर.................सकिन्छ ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।

(क) शंखरापुर नगरपालिकाभित्र बसोबास गर्ने मानिसहरूले गर्ने चारओटा पेसाको नाम लेख्नुहोस् ।

(ख) पशुपालनबाट हुने दुईओटा फाइदा बताउनुहोस् ।

(ग) हामीलाई लुगा किन चाहिन्छ ? लेख्नुहोस् ।

(घ) थाङ्काको के महत्व छ ?

३. पानीघट्ट चलाउने,कृषि र बेतबाँसका सामग्री बनाउने हाम्रा पराम्परागत कामका एक एकओटा महत्व लेख्नुहोस् ।

४. प्रयोगात्मक कार्य

दशओटा घरायसी परम्परागत पेसा सम्बन्धी चित्र सङ्कलन गरी चार्ट पेपरमा टाँसेर कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।


शिक्षण निर्देशन :

- बालबालिकाहरूलाई परम्परादेखि चल्दै आएका सिप र प्रविधिको प्रयोग गरी अपनाएका पेसाको अवलोकन गराई उक्त पेसाको महत्वबारे छलफल गराउनुहोस् ।
- विद्यालय नजिकैको कुनैगाउँको अवलोकन भ्रमण गराई त्यहाँका मानिसहरूले के के काम गरिरहेका छन् देखाई बताइदिनुहोस् ।
- स्थानीय क्षेत्रमा मानिसहरूले गर्ने कामहरूको सूची बनाएर कक्षामा प्रस्तुत गरी छलफल गराउनुहोस्।
- स्थानीय व्यवसायीलाई विद्यालयमा बोलाई कामको महत्वका बारेमा बताउन लगाउनुहोस् ।

**पाठ १५**

## व्यक्तिगत सरसफाइ






दैनिक दुई पटक बिहान बेलुका ब्रस र मन्जनले दाँत सफा गर्नुपर्छ ।

शौचालय प्रयोग गरिसकेपछि
र खाना खानुभन्दा पहिले
राम्ररी मिचिमिची साबुन पानीले हात
धुनुपर्छ ।





हात खुट्टाको नङ लामो भएमा नैनीले काट्नु पर्छ । नङभित्रको फोहरले रोग लाग्न सक्छ ।



नियमित नुहाउने गर्नुपर्छ । नियमित साबुन पानीले नुहाएमा छाला सफा हुन्छ र रोग लाग्दैन ।

दिनहुँ तेल लगाएर काइँयोले कपाल कोर्नु पर्छ । कपाल सफा भएमा जुम्रा पर्दैन ।





**कान नरम कपासले बिस्तारै सफा गर्नुपर्छ । जथाभाबी नाक, कान, आँखा कोट्याउनु हुदैन ।**

## क्रियाकलाप १: साथीसँग मिलेर गाऔँ र रमाऔँ



बिहान उठी सधैँभरि, मुख धुनु पर्छ,
बुरुसले दाँत माझी, कपाल कोर्नु पर्छ
साबुन पानी लगाएर, नुहाउनु पर्छ ।
आफ्नो जिउको सफाइ त आफै गर्नु पर्छ ।

खाना खानुभन्दा पहिले, हात धुनु पर्छ
बाहिरफेर घुम्न जाँदा, मास्क लाउनु पर्छ
त्यसो नगरेमा फेरि, रोग सर्ने डर छ ।
कुरा मात्र गर्ने होइन कामै गर्नु पर्छ ।

आफ्नो शरीर सफा राखे, आफैँलाई राम्रो
लामो नङ, फोहोर कान, हुँदैन है राम्रो
त्यसैले त सरसफाइ, सधैँ गर्ने काम
यति कुरा गर्नु पर्छ भनी सबले जानौं ।

**क्रियाकलाप २**

तपाइँ दिनमा कति पटक साबुन पानीले हात धुनु हुन्छ ?

साबुन पानीले मिचिमिची हात धुनाले हुने दुईओटा फाइदाहरू कपीमा लेख्नुहोस् ।

**अभ्यास**

१. दिइएका शब्द र चित्रबिच जोडा मिलाउनुहोस् :

साबुन



ब्रस, मन्जन




कपास




काइँयो



रुमाल



साबुन



नैनी



२. तलको तालिकामा भएका अक्षरबाट बन्ने शब्दहरूमा घेरा लगाउनुहोस् :

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| म | य | ल | अ | ते | फो | न | बि | हा | न |
| क | ख | सा | ख | ल | ह | ना | क | पा | स |
| थ | न | बु | द | व | र | ज | पा | नि | आँ |
| ज | ल | न | ङ | धा | रा | प | ल | फ | खा |
| रो | ज | ह | न | व | लि | का | न | व | ग |
| ग | व | ध | व | म | ञ्ज | न | व | प | दँ |
| भ | प | च | नै | नी | का | इँ | यो | रु | त |
| थ | ब्र | स | शौ | चा | ल | य | जि | मा | न |
| ष | न | फा | ज | उ | च | ध | त्र | ल | च |

३. तलका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

(क) प्रत्येक दिन एक पटक दाँत माज्नु पर्छ । (  )

(ख) नङ ठुलो भएमा नैनीले काटनु पर्छ ।  (  )

(ग) साबुन पानीले नियमित हात धुनु पर्छ । ( )

(घ) नरम कपासले कान सफा गर्नु पर्छ । ( )

(ङ) दाँतले नङ टोक्नु हुन्छ ( )

## ४. तलका प्रश्नको छोटो उतर लेख्नुहोस् :

(क) दिनमा कति पटक दाँत माज्नु पर्छ ?

(ख) हात सफा राख्न के गर्नु पर्छ ?

(ग) दैनिक के के सफाई गर्नु पर्छ ?

(घ) कान सफा गर्न के गर्नु पर्छ ?

(ङ) कान तथा नङ कसरी सफा गर्नु पर्छ ?

## ५. परियोजना कार्य

शारीरिक सरसफाइ सामग्रीहरूको तस्बिर सङ्कलन गरेर कक्षामा प्रदर्शन गर्नुहोस् ।

**शिक्षण निर्देशन :**

- शरीर सरसफाइको चित्र छलफल गराउने । सरसफाइ सामग्रीको प्रयोगसम्बन्धी अन्तरक्रिया गराई भन्न लगाउने ।
- शरीरका अङ्गहरूको सरसफाइ गर्ने विधि र सरसफाइको महत्त्व दर्साउने भिडियो कक्षाकोठामा प्रदर्शन गरी छलफल गराउने ।
- हातमुख धुने, नुहाउने, ब्रस गर्ने, कपडा धुने, नङ काट्ने, कपाल कोर्ने कार्यको अभ्यास गराउने ।
- बालबालिकाहरू सफा भए नभएको हेरी सफा भई विद्यालय आउन सहजीकरण गर्ने ।
- सरसफाइका सामग्रीहरू देखाउने र नाम भन्न लगाई लेख्न लगाउने ।
- परियोजना कार्य अनिवार्य गराउने ।
- पाठ्यक्रममा भएका उद्देश्य पूरा गर्न थप नयाँ क्रियाकलाप गराउने ।

पाठ १६

## खेल खेलौँ



हामी आफ्नो गाँउघर तथा विद्यालयमा साथीहरूसँग मिलेर विभिन्न खेल खेल्छौँ । स्थानीय खेल ठाउँअनुसार फरक फरक हुन्छन् । रुमाल लुकाइ, लुकामारी, ढयाक, घचाःल्हो, चुङ्गी, गट्टा, तेलकासा, ढोका कासा, ताहाकासा जस्ता खेल खेल्न रमाइलो हुन्छ । खेलले शरीर तन्दुरुस्त र फुर्तिलो बनाउँछ। खेलकुदले सामूहिक भावनाको विकास गर्छ ।

### लुकामारी



Sources: https://www.dreamstime.com/stoc 1

लुकामारी खेल निकै लोकप्रिय तथा रमाइलो खेल हो । यो खेल खेल्न सजिलो छ । यस खेलले शरीर तन्दुरुस्त राख्न पनि मदत गर्दछ ।

यस खेलका केही नियमहरू छन् । यो खेल कम्तीमा दुई जना मिलेर खेल्न सकिन्छ । डुमले आँखा बन्द गर्ने र अरू सहभागीहरू लुक्ने गर्छन् । डुमले लुकेका सहभागीलाई खोज्दा पहिले फेला परेका खेलाडी डुम हुन्छन् । यस्तो प्रक्रिया निरन्तर चलिरहन्छ । यस खेलको नियम ठाउँअनुसार परिमार्जन गरेर पनि खेल्ने गरिन्छ ।

क्रियाकलाप १ : कक्षामा शिक्षकको सहयोगले लुकामारी खेल खेल्नुहोस् । खेल खेल्नुभन्दा पहिले खेलका नियमहरूबारे छलफल गर्नुहोस् ।

**रुमाल लुकाइ**



रुमाल लुकाइ समूहमा खेल्ने खेल हो । यो खेल निकै रमाइलो हुन्छ । यस खेलका केही नियमहरू छन् । यो खेलमा सहभागीहरू गोलो घेरामा बस्छन् । एक जना डुम बनेर रुमाल हातमा लुकाई गोलो घेराको वरिपरि घुम्छ । घुम्दा घुम्दै कुनै एक जना सहभागीको पछाडि उसले नदेख्ने गरी हातमा भएको रुमाल राखिदिन्छ । रुमाल राखेर पुनः डुम फर्केर आएसम्म

पछाडि रुमाल राखेको सहभागीले थाहा पाएन भने त्यो सहभागी डुम बन्छ र पहिलेको डुम त्यसका ठाँउमा बस्छ । यो प्रक्रिया नियमित चल्दै जान्छ । यो खेल हार जितका लागि नभई मनोरंञ्जनका लागि खेल्ने गरिन्छ ।

## चुङ्गी खेल




चुङ्गी खेल निकै लोकप्रिय खेल हो  । यो खेलका लागि रबर वा साइकलको ट्युबलाई  काटेर चुङ्गी बनाइन्छ । यो खेल खेल्नका लागि खेलाडीहरूले आफैं नियम बनाउन सक्छन् । चुङ्गी खेल एक वा एकभन्दा बढी साथीहरूसँग मिलेर खेल्न सकिन्छ । यो खेलमा चुङ्गी खुट्टाको पैतालले  उफार्नु पर्छ । चुङ्गी भुइँमा नझरेसम्म एक दुई .... भनी अङ्क गणना गरिन्छ । सबभन्दा बढी अङ्क जसको हुन्छ त्यो विजेता हुन्छ ।

## गट्टा



गट्टा खेल नेपाली गाँउघरमा रमाइलो मान्दै खेल्ने गरिन्छ। यो खेल एक वा एकभन्दा बढी व्यक्ति मिलेर खेल्न सकिन्छ । यो खेल खेल्न पाँचदेखि नौं ओटासम्म ससाना ढुङ्गा चाहिन्छ । जसलाई गट्टा भनिन्छ । यस खेलमा हातले एउटा गट्टामाथि उफार्दै भुइँमा भएका गट्टाहरू एक एक गर्दै हातमा उठाउनु पर्छ। त्यपछि दुई दुईओटा र यो क्रमशः बढ्दो क्रममा गट्टा उठाउँदै हातमा राख्दै जानुपर्छ । यदि गट्टा उठाउने क्रममा हातमा भएका गट्टा भुइँमा खसे भने् अर्को खेलाडीको पालो आउँछ। यो क्रम निरन्तर चलिरहन्छ । यो खेलको नियम ठाउँअनुसार फरक फरक हुन्छ। कुनै कुनै ठाउँमा यो खेलमा घट्दो क्रममा भुइँको गट्टा उठाइन्छ भने कुनै ठाउँमा बढ्दो क्रममा उठाइन्छ।

| |
|---|
| क्रियाकलाप २<br><br>गट्टा खेल खेल्नुहोस् र गट्टा खेलका लागि प्रयोग भएका ढुङ्गा गणना गरेर जोड, घटाउ जस्ता क्रियाकलाप गर्नुहोस् । |

**खेलको महत्त्व**

खेलकुदबाट मानिसलाई धेरै फाइद हुन्छ । खेलले अनुशासित भएर समूहमा काम गर्ने बानीको विकास हुन्छ । यसले स्वस्थ्य रहन र शरीर सक्रिय बनाउन मदत गर्दछ । खेलले शरीरमा फुर्तिलो बनाउँछ । खेलले शरीर तन्दुरुस्त र निरोगी पनि बनाउँछ ।

**अभ्यास**

१. तल दिइएका खेलहरू तपाईंले खेलेका खेल भए खेलेका कोठामा लेख्नुहोस् र नखेलका खेल भए नखेलेका कोठामा लेख्नुहोस् :

| फुटबल, भलिबल, गट्टा, चुङ्गी, रुमाल लुकाइ, गट्टा, ढयाक, घचाःल्हो, तेलकासा, ढोका कासा, ताहाकासा बाघचाल, | |
|---|---|
| खेलेका खेल | नखेलेका खेल |
| | |

२. तलका वाक्य ठिक भए कोष्ठमा (√) चिह्न र बेठिक भए (X) चिह्न लगाउनुहोस् :

(क) चुङ्गी पुरानो खेल हो । ( )

(ख) रुमाल लुकाइ खेल एक जनाले खेल्न सक्छ । ( )

(ग) लुकामारी खेल आधुनिक खेल हो । ( )

(घ) खेलले शरीर राम्रो बनाउँछ । ( )

(ङ) गट्टा खेल बालुवामा खेलिन्छ । ( )

**३. दिइएको खाली ठाउँ भर्नुहोस् :**

**मेरो मन पर्ने खेल**

मेरो मन पर्ने खेल .......................... हो । म साथीहरूसँग मिलेर खेल्छु । मेरो गाउँमा चलनचल्तीमा रहेका स्थानीय खेलहरू........ ...................................................................... हुन् । खेलले मानिसलाई .......................... बनाउँछ । म खेल खेल्दा .................. भएर खेल्छु । म सधैँ विद्यालय ............................ जान्छु ।

४. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) कुनै तीनओटा खेलका नाम लेख्नुहोस् ।

(ख) चुङ्गी केले बन्छ ?

(ग) गट्टा खेल खेल्न के आवश्यक पर्छ ।

(घ) लुकामारी खेल खेल्न कति जना आवश्यक पर्छ ?

(ङ) खेलकुदबाट के के फाइदा हुन्छ ?

## ५. परियोजना कार्य

तपाईँका अभिभावकसँग सोधेर तपाईँका गाउँमा खेल्ने कुनै दुईओटा स्थानीय खेलहरूको नाम र खेल्ने तरिका लेख्नुहोस् ।

**शिक्षण निर्देशन :**

यस पाठमा सिकाइ सहजीकरण गर्न देहायका विधिहरू अपनाउन सकिने छ :

- यस पाठमा भएका स्थानीय खेलबाहेक तपाईँको समुदायमा चलन रहेका खेलका बारेमा पनि सहजीकरण गर्ने ।
- रुमाल लुकाइ तथा लुकामारी खेललगायत अन्य स्थानीय खेलको अभ्यास गराउँदा सिकाइसँग जोडेर नियम बनाई खेलाउने ।
- स्थानीय खेलको नाम तथा खेल्ने विधि स्थानअनुसार फरक हुन सक्ने भएकाले स्थानीय आवश्यकताअनुसार अभ्यास गराउने ।
- यस पाठमा भएका खेलहरूको सहजीकरणमा भन्दा पनि प्रयोगात्मक अभ्यासमा जोड दिने।

## पाठ १७

# मौसम र हावापानी

फुर्वा र सुनिता कक्षा २ मा अध्ययन गर्दछन् । उनीहरू दुवै भगवती माध्यमिक विद्यालय, साँखुमा अध्ययन गर्दछन् । उनीहरू विद्यालय सँगै आउने जाने गर्दछन् । एक दिन विद्यालय जाँदै गर्दा उनीहरूका बिचमा भएका कुराकानी यस्तो छ :

**फुर्वा** : सुनिता ! कस्तो चिसो आज ?

**सुनिता** : हो नि फुर्वा, बिहान त घाम लाग्ला जस्तो थियो ।

**फुर्वा** : अहिले त आकाशमा कालो बादल पो देखिन्छ । चिसो हावा पनि चलेको छ ।

**सुनिता** : पानी पर्ला जस्तो पो छ ? मसँग त छाता पनि छैन ।

**फुर्वा** : ए ! मसँग त सधैँ झोलामा रेनकोट हुन्छ ।

**सुनिता** : ओहो ! तिमीले त न्यानो लुगा पनि लगाएका रहेछौ । मलाई त कस्तो जाडो पो भयो ।

**फुर्वा** : म त घरबाहिर निस्कँदा तयारी गरेर मात्र निस्कन्छु ।

**सुनिता** : तिमी साँच्चै होसियार रहेछौ । साँच्चै फुर्वा, यस्तो किन हुन्छ होला है ? एक्कै छिनमा घाम लाग्ने, एक्कै छिनमा पानी पर्ने ।

**फुर्वा :** कस्तो भुसुक्क बिर्सेको तिमीले । हिजो भर्खर शोभा मिसले मौसमका बारेमा भन्नु भएको थियो त । साँच्ची तिमी त हिजो विद्यालय आएकी थिइनौ होइन ?

**सुनिता :** अँ हिजो मलाई रुगाखोकीले गर्दा सञ्चो भएन । हेरन रुगाखोकी लाग्दा पनि कोरोना लाग्यो कि भन्ने डर । तर त्यस्तो केही होइन ।

**फुर्वा :** ए ! जाडोयाममा रुगाखोकीले हामीलाई सताउँछ । त्यसैले न्यानो लुगा लगाउनु पर्दछ ।

**सुनिता :** अनि हिजो मिसले कक्षामा के विषयमा पढाउनु भयो नि ?

**फुर्वा :** ल सुन, म तिमीलाई हिजो छुटेको विषयमा जानकारी दिइहाल्छु नि । तिमी त मेरो मिल्ने साथी पनि त हौ ।

**सुनिता :** एक दिन कक्षा छुट्दा अर्को दिनको कक्षामा पाठ बुझ्न गाह्रो हुन्छ।

**फुर्वा :** हिजो शोभा मिसले हामीलाई मौसम र हाम्रो ठाउँको हावापानीका बारेमा बताउनु भएको थियो ।

**सुनिता :** मौसम भनेको के हो त ?

**फुर्वा :** आजको दिनको कुरा गर्दा अघि भर्खर घाम लागेको थियो । अहिले पानी पर्ला जस्तो भएको छ । त्यस्तै भोलि दिनभरि घाम पनि लाग्न सक्छ । कुनै दिन घाम नदेखिएर धेरै चिसो पनि हुन सक्छ । कुनै पनि दिनको घाम, पानी, हावाको अवस्थालाई मौसम भनिन्छ ।

**सुनिता :** अनि मौसम सबैतिर एकै किसिमको हुन्छ त ?

**फुर्वा :** हुँदैन नि । ठाउँअनुसार मौसम त फरक हुन्छ । यही साँखु र जरसिंह पौवाको मौसम पनि फरक हुन सक्छ नि ।

**सुनिता :** मौसम त चाँडो चाँडो परिवर्तन पनि हुन सक्ने रहेछ । अनि हावापानी भनेको चाहिँ के हो त ?

**फुर्वा :** हावापानी भनेको कुनै ठाउँको घाम, पानी, हावाको लामो समयको औसत अवस्था हो । आफ्नो ठाउँको हावापानीअनुसार अन्नबाली, तरकारी तथा फलफूल उत्पादन हुन्छन् ।

**सुनिता :** धन्यवाद फुर्वा, तिमीले मलाई मौसम र हावापानीका बारेमा राम्ररी जानकारी दियौ ।

**फुर्वा :** धन्यवाद तिमीलाई पनि, मैले बुझेको विषयमा तिमीलाई भन्न पाएँ । ल अब विद्यालय पनि आइपुग्यो । कक्षामा जाऔँ ।

सुनिता : हुन्छ जाऔँ ।



क्रियाकलाप १: मौसमको अनुमान

| आइतबार | सोमबार | मङ्गलबार | बुधबार | बिहीबार | शुक्रबार | शनिबार |
|---|---|---|---|---|---|---|
| | | | | | | |

के तपाईँ मौसमको अनुमान गर्न सक्नुहुन्छ ? एक हप्ताभरिको मौसमको अनुमान गर्नुहोस् । मौसम तालिकामा साङ्केतिक चित्र बनाउनुहोस् । आफूले अनुमान गरेको मिल्यो कि मिलेन एक हप्तासम्म जाँच्नुहोस् । विभिन्न मौसमका केही साङ्केतिक चित्रहरू तल दिइएका छन् ।

**मौसम तालिका**

**मौसमका केही साङ्केतिक चित्रहरू तल दिइएका छन् :**

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| घमाइलो | बादल/कुहिरो | पानी परेको | हावाहुरी |

**गर्मी मौसममा उत्पादन हुने अन्नबाली, तरकारीबाली र फलफूल**



धान



मकै



घिउसिमी



भन्टा



अम्बा



नासपाती

## जाडो मौसममा उत्पादन हुने अन्नबाली, तरकारीबाली र फलफूल

| | |
|---|---|
|  गहुँ |  आलु |

| | |
|---|---|
|  |  |
| रायो साग | बन्दा |
|  |  |
| स्ट्रबेरी | भोगटे |

**क्रियाकलाप २**

१. आफ्नो क्षेत्रका जाडो र गर्मीयाममा पाइने कुनै दुई अन्नबाली, तरकारीबाली र फलफूलको सूची तयार पार्नुहोस् ।

| मौसम | अन्नबाली | तरकारीबाली | फलफूल |
|---|---|---|---|
| गर्मी | | | |
| | | | |
| जाडो | | | |

| | | | |
|---|---|---|---|
| | | | |

## अभ्यास

१. तल दिइएका शब्दहरू राखेर खाली ठाउँ भर्नुहोस् :

(मौसम, हावापानी, न्यानो लुगा, छाता)


(क) पानी परेका बेला..........................लिएर बाहिर निस्कनु पर्दछ।

(ख) कुनै पनि दिनको घाम, पानी, हावाको अवस्थालाई ..........................भनिन्छ ।

(ग) जाडोमा हामी ..........................लगाउँछौँ ।

(घ) कुनै ठाउँको घाम, पानी, हावाको लामो समयको औसत अवस्थालाई ..............................भनिन्छ ।

२. जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| बादल/कुहिरो |  |

बर्षेबाली 

घमाइलो 


हिउँदे बाली 

**३. तलका चित्रमा रङ भर्नुहोस् :**

**(क)**



(ख)



**४. तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) मौसम भनेको के हो ?

(ख) हावापानी भनेको के हो लेख्नुहोस् ।

(ग) जाडो मौसम र गर्मी मौसमबाट बच्न के गर्नुपर्दछ ?

(घ) जाडो मौसम र गर्मी मौसममा हुने दुई तरकारीको नाम लेख्नुहोस्।

**शिक्षण निर्देशन :**

- विद्यार्थीहरूलाई शिक्षणका बेलामा तत्काल भएको मौसमको अवस्थाको जानकारी दिई मौसम कसरी परिवर्तन भइरहन्छ यस बारेमा कक्षाकोठामा छलफल गराउनुहोस् ।
- शंखरापुर नगरपालिका क्षेत्रको तल्लो भेक र माथिल्लो भेकमा पाइने हावापानीबिचको भिन्नताका बारेमा जानकारी दिनुहोस् ।

## पाठ १८

# विद्यालयको बगैँचा



मेरो विद्यालयको नाम वनदेवी आधारभूत विद्यालय हो । मलाई मेरो विद्यालय धेरै मन पर्दछ । शिक्षकले हामीलाई घरका अभिभावकले जस्तै माया गर्नुहुन्छ । विद्यालयमा धेरै समय हामी कक्षाकोठामा पढ्छौँ । कक्षा नभएका बेला साथीहरू मिलेर खेल मैदानमा खेल्छौँ ।

हाम्रो विद्यालयमा बालबगैँचा छ । बालबगैँचामा मौसमअनुसारका बिरुवाहरू पनि लगाइएको छ । यहाँ तरकारी, फलफूल र अरू बिरुवाहरू पनि छन् । हिउँद र वर्षायाममा फरक फरक तरकारी खेती गरिन्छ । विद्यालयमा केही फलफूलका रुखहरू छन् । त्यस्तै गमलामा रङ्गीचङ्गी फूलहरू लगाएर सुन्दर बनाइएको छ ।




शिक्षकहरूले समय समयमा हामीलाई बालबगैँचामा लैजानु हुन्छ । उहाँहरूले त्यहाँ खेती गरिएका विभिन्न जातका बिरुवाहरू हामीलाई चिनाइदिनु हुन्छ । पाठ्यपुस्तकमा पढेका विभिन्न बिरुवाहरू बगैँचामा देख्दा हामीलाई पाठ बुझ्न सजिलो भएको छ । हाम्रो बाल बगैँचामा काउली, बन्दा, खुर्सानी, गाँजर, मुला आदि तरकारीहरूको उत्पादन हुन्छ। तरकारी रोपिएका ठाउँलाई हामी करेसाबारी पनि भन्छौँ ।

हाम्रो विद्यालयको बालबगैँचामा विभिन्न जातका फूलहरू छन् । यहाँ केही फूलहरू बहुबर्षे छन् । बाँकी मौसमी प्रकारका छन् । गोदावरी, सयपत्री, सुनाखरी, नीलकाँडा, गुलाब आदि फूलका बिरुवाहरू बगैँचामा रहेका छन् ।

समय समयमा विद्यालयमा वृक्षारोपण कार्यक्रमको आयोजना हुने गर्दछ। वातावरण दिवस, गणतन्त्र दिवस जस्ता विशेष दिनमा वृक्षारोपण, सरसफाइ जस्ता कार्यक्रमहरूको आयोजना गरी मनाइन्छ । विभिन्न किसिमका चराचुरुङ्गीहरू विद्यालयको बगैँचामा चिरबिर चिरबिर गर्दै खेलेको देख्दा मलाई रमाइलो लाग्दछ ।

बालबगैँचाबाट निम्नलिखित फाइदाहरू प्राप्त गर्न सकिन्छ :

- ताजा तरकारी, फलफूलहरू प्राप्त गर्न सकिन्छ ।
- बालबगैँचा डुल्दा हामीलाई रमाइलो अनुभव हुन्छ ।
- पाठमा भएका विषयवस्तु बुझ्न सजिलो हुन्छ ।
- हामीलाई बोटबिरुवासम्बन्धी जानकारी प्राप्त हुन्छ ।
- वरिपरिको वातावरण सफा र सुन्दर देखिन्छ ।

**क्रियाकलाप १ :** विद्यालयको कुनै खाली क्षेत्रमा साथीहरूसँग मिलेर फूलका बिरुवाहरू रोपेर सानो बालबगैँचा निर्माण गर्नुहोस् ।

## अभ्यास

### १. दिइएका खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(क) करेसाबारीमा ......................का बिरुवा रोपिन्छ । (तरकारी, रुख)

(ख) फलफूल उद्यानमा .........................को बिरुवा पाइन्छ। (काउली, अम्बा)

(ग) विद्यालय बालबगैँचामा...........................को चिरबिर सुन्न पाइन्छ । (चरा, भ्यागुत्ता)

(घ) विद्यालय बालबगैँचाबाट हामीलाई बोटबिरुवाहरूका बारेमा जानकारी................................। (बढ्छ, बढ्दैन )

**२. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**


(क) विद्यालयमा कस्ता कस्ता ठाउँमा बिरुवा रोप्न सकिन्छ ?

(ख) विद्यालयमा कस्ता बिरुवाहरू लगाउन सकिन्छ ?

(ग) विद्यालय बालबगैँचाबाट कस्ता किसिमका फाइदा लिन सकिन्छ ?

(घ) विद्यालयको बालबगैँचामा लगाउन सकिने कुनै दुई दुईओटा तरकारी, फूल र फलका बिरुवाको सूची तयार पार्नुहोस् ।

# ३. चित्रमा रङ भर्नुहोस् :




**शिक्षण निर्देशन :**
शिक्षकले विद्यालय बालबगैंचाको अवलोकन भ्रमण गराई त्यहाँ रहेका बोटबिरुवाहरू तरकारी, फलफूल वा अन्यको बारेमा जानकारी गराउनुहोस् ।